लेखापरीक्षण प्रतिवेदन

फेदाप गाउँपालिका, तेह्रथुम

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

फेदाप गाउँपालिका, तेह्रथुम

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

प.सं.:2082/83 मिति : २०८३-२-५
च.न :APPROVED/FAR/2081-82/LOC/562

श्रीमान् अध्यक्षज्यू

फेदाप गाउँपालिका,

गाँउकार्यपालिकाको कार्यालय,

तेह्रथुम ।

विषय - लेखापरीक्षण प्रतिवेदन।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-२-५

च.न :APPROVED/FAR/2081-82/LOC/562

श्रीमान् अध्यक्षज्यू,
फेदाप गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय,
तेह्रथुम।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

१. कैफियत सहितको राय

हामीले तहाँ गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१.महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तिय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तिय विवरणमाअन्तरसरकारी अख्तियारीको कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय-व्यय समेत रु.१ अर्ब १० करोड ५७ लाख ४ हजारको लेखापरीक्षण गर्दा रु.३ करोड ७२ लाख ४ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु.६६ लाख ७६ हजार फर्स्यौट तथा प्रतिक्रियाबाट रु.३ लाख १६ हजार थप भई असुल गर्नुपर्ने रु.१० लाख १४ हजार,प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड ४६ लाख ३४ हजार, नियमित गर्नुपर्ने रु.१ लाख ८२ हजार र पेश्की बाँकी रु.५० लाख १४ हजार गरी जम्मा रु.३ करोड ८ लाख ४४ हजार बाँकी रहेको छ । गत वर्षसम्म कायम बेरुजू रु.१६ करोड ६९ लाख ७२ हजार मध्ये रु.२ लाख ६८ हजार फर्स्यौट भई यसवर्षको थपसमेतहालसम्म अद्यावधिक बेरुजू रु.१९ करोड ७५ लाख ४८ हजार बाकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन, विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका, गाउँपालिकाअध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			सम्परीक्षणबाट फछ्यौंट			सम्परीक्षणबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
६८	३३	३,७२,०३,८८४	०	६	६६,७६,०५५	३,१५,९४७	६८	२७	३,०८,४३,७७६	१०,१३,६४४	१,८१,८९०	२,४६,३४,२९८	०	०	२,४८,१६,१८८	५०,१३,६४४

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
तेह्रथुम	१६,६९,७१,८५२		२,६७,९३४	१६,६७,०३,९१८		३,०८,४३,७७६	१९,७५,४७,६९४

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
प्रारम्भिक प्रतिवेदन उपर सम्परीक्षण बिवरण				
१	२०८१/८२	६५	सामाग्री प्रयोगमा नआएको	२,९५,५००
२	२०८१/८२	२४	प्रतिलिपी विल	५७,८९,३८४
३	२०८१/८२	२५	पारीश्रमिक कर	३४,७९८
४	२०८१/८२	२९	दोहोरो भुक्तानी	२९,२५०
५	२०८१/८२	६०.६	उपभोक्ता समितितर्फ	५,२७,१२३
जम्मा				**६६,७६,०५५**
गत विगत आर्थिक वर्षहरूको सम्परीक्षण बिवरण				

१	२०८०/८१	४२	बढी तलब भुक्तानी	४८,५९२
२	२०८०/८१	४३	घटी कर कट्टी	१,०००
३	२०७९/८०	४३.2	बढी भुक्तानी	१९,८३५
४	२०७९/८०	५७	तलव भत्ता बढि भुक्तानी	८२,९५७
५	२०७९/८०	३९	कार्य सम्पन्न नभई रकम भुक्तानी	६२,१५०
६	२०७८/७९	८९.३	प्रधानमन्त्री रोजगार कार्यक्रम	३,४००
७	२०७८/७९	८७.४	कृषि तथा पशु कार्यक्रम तर्फ	५०,०००
जम्मा				२,६७,९३४
कूल जम्मा				**६९,४३,९८९**

फेदाप गाउँपालिका, तेह्रथुम

(८०१०५५०३३००)

फेदाप गाउँपालिका , तेह्रथुम

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय - स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न, नेपाल संघिय शासन प्रणालीमा प्रवेश गर्दा राज्य पुनरसंरचना गरी स्थानीय तहको निर्माण गर्दा साविकमा रहेका तेह्रथुम जिल्लाको ५ वटा गाविसहरु (सिम्ले,ओयाक्जुङ,जलजले,सम्दु र इसिवु) सामावेश गराई यस फेदाप गाउँपालिकाको स्थापना भएको हो । यो पालिका कोशी प्रदेश अन्तर्गत तेह्रथुम जिल्लाको मध्यपुर्वी भागमा अवस्थित रहेको छ । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ५ वटा वडाहरु रहेका छन् भने क्षेत्रफल ११०.८३ वर्ग किलोमिटर तथा १५,१६९ जनसंख्या रहेको छ ।यहाँ लिम्बु, राई, तामाङ, क्षेत्री, दमाई, कामी, सार्की, भुजेल, जोगी, सन्यासी, पुरी, माझि, मगर लगायत विभिन्न जातीय समुदायहरूको बसोबास रहेको छ। यी विविध समुदायहरूले आ-आफ्ना भाषा, धर्म, परम्परा, र संस्कृतिको संरक्षण गर्दै आएका छन् ।

(ख) लेखापरीक्षणको उद्देश्य - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि - यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब,वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०४।३१ देखि २०८२।०५।०७ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :-लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति - कार्यालयको विनियोजन, राजस्व, धरौटी, अन्य कारोबार, आय व्यय, सम्पत्ति तथा दायित्व को गरी जम्मा रु.१ अर्ब १० करोड ५७ लाख ४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु - लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची -२ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली - लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ४५७००। असुल भई दाखिला प्रमाण पेश भएको छ ।

क्र. सं.	बिवरण	रकम रु.
१	लुकुवा चौतारे सामुदायिक वन उ. स.बाट वन पैदावार निकासी वापत १० प्रतिशत असुल भई दाखिला भएको।	४५,७००/-

२ **वित्तिय विवरण**

स्थानीय तहको कोष तर्फ (परिषद्ले योजना बाँडफाँट गरी कार्यान्वयन गर्ने बजेट)					
आय			व्यय		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
गत वर्षको मौज्दात	२९५९०६१८।३	२९५९०६१८।३	चालु खर्च (प्रशासनिक खर्च)		६३०५२०७४।०६
१. संचित कोष	२२६२७०८।४३		चालु खर्च (संघीय र प्रदेश सरकारका कार्यक्रम तर्फ स्रोत व्यहोर्नु पर्ने दायित्व खर्च)		०
२. धरौटी	६५१५१७०		पुँजीगत खर्च (प्रशासनिक)		०
३. कार्यसञ्चालन कोष	४३८३६६।८७		पूँजीगत खर्च (संघीय र प्रदेश सरकारका आयोजना तर्फ स्रोत व्यहोर्नु पर्ने। म्याचिङ्ग फण्ड		९३०७९१२
४. अन्य कोष	०		पुँजीगत खर्च (सार्वजनिक निर्माण। सडक, सिँचाइ, खानेपानी लगायत		५२६६४१९९
यस वर्षको आय	१८५०८६४०।६	१८५०८६४०।६	कार्यक्रम खर्च		३६२८५९५१।०६
१. आन्तरिक आय	४०८७२०४।६४		अन्य खर्च		०
२. समानीकरण अनुदान (संघ)	७७९९६०००		ऋण फिर्ता (साँवा)		०
३. समानीकरण अनुदान (प्रदेश)	५११६०००		ऋणको व्याज भुक्तानी		०
४. राजस्व बाँडफाँट (संघ)	७१०५९६२२।८५		धरौटी फिर्ता तथा सदर स्याहा		६३०५२०७४।०६
५. राजस्व बाँडफाँट (प्रदेश)	४५८८२९१।४८		कार्यसञ्चालन कोषवाट भएको खर्च		०
६. रोयल्टी बाँडफाँट	०		अन्य कोषबाट भएको खर्च	0	
७. ऋण वित्तीय व्यवस्था	०		आर्थिक वर्षको अन्त्यमा मौज्दात	४१०२०२२९।७९	४१०२०२२९।७९
८. अन्य आय	०		संचित कोषको मौज्दात	२४१७४०६४।२८	२४१७४०६४।२८
९. धरौटी आय	३५३७३७५		धरौटी	७२९५७९६	
१० कार्यसञ्चालन कोष आय	१८७०१९१०।६४		कार्यसञ्चालनकोष	९५५०३६९।५१	
११. अन्यकोषको आय	०		अन्यकोष	0	
जम्मा		२१४६७७०२२।९	**जम्मा**		२१४६७७०२२।९
संङ्घीय तथा प्रदेश सरकारको शशर्त तथा अन्य अनुदान र अन्तर सरकारी अख्तियारी तर्फ					

विवरण	रकम	रकम	विवरण	रकम	
संघीय सरकार अनुदान	२४४८०६६२७	२४४८०६६२७	संघीय सरकार अनुदान	२४४८०६६२७	२४४८०६६२७
१. सशर्त अनुदान	२४०३०६०००	२४०३०६०००	१. सशर्त अनुदान	२४०३०६०००	
२. समपुरक अनुदान	४५००६२७		२. समपुरक अनुदान	४५००६२७	४५००६२७
३. विशेष अनुदान	०	०	३. विशेष अनुदान	०	
४. अनुदान	०		४. अनुदान	०	
५. अन्तर सरकारी अख्तियारी (संघ)	०	९८९७९२४४	५. अन्तर सरकारी अख्तियारी (संघ)		९८९७९२४४
प्रदेश सरकार अनुदान	२१२६९५३६	२१२६९५३६	प्रदेश सरकार अनुदान	२१२६९५३६	२१२६९५३६
१. सशर्त अनुदान	14529000		१. शशर्त अनुदान	१४५२९०००	
२. समपुरक अनुदान	६७४०५३६		२. समपुरक अनुदान	६७४०५३६	
३. विशेष अनुदान	०		३. विशेष अनुदान	०	
४. अन्तर सरकारी अख्तियारी (प्रदेश)	०		४. अन्तर सरकारी अख्तियारी (प्रदेश)		
गैरसरकारी संस्थाबाट सञ्चालित योजना	०		गैरसरकारी संस्थाबाट सञ्चालित योजना		
वैदेशिक सहयोगमा प्राप्त सञ्चालित योजना	०		वैदेशिक सहयोगमा सञ्चालित योजना		
अन्य आय भएमा	०		अन्य खर्च भएमा		
जम्मा		**३६५०५५४०७**	**जम्मा**		**३६५०५५४०७**
कुल जम्मा		**५७९७३२४२९।९**	**कुल जम्मा**		**५७९७३२४२९।९**

३ **वित्तिय विवरणको विश्लेषण-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः

• गत विगतको बाँकी, यस वर्ष प्राप्त रकम र सञ्चित कोषबाट भएको खर्च स्पष्ट देखिने गरी सञ्चितकोषको खाता राखेको छैन। लेखापरीक्षणको लागि पेश गरेको एकीकृत आर्थिक विवरणमा सञ्चितकोषको आम्दानी रु. ५७,९७,३२,४२९।९१ उल्लेख गरेको छ। लेखाप्रणाली व्यवस्थापन गर्ने SUTRA प्रणालीमा तयार गरिएको अनुसूचि १४ एकिकृत बजेट तथा खर्च(अन्तरसरकारी अख्तियारी समेत) कुल जम्मा बजेट रू ५८,४१,४२,९९८।४३ देखाएकोछ। सञ्चित कोषको हिसाव यकिन हुने गरी अभिलेख व्यवस्थित गर्नुपर्दछ।

• गत वर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार सञ्चित कोष, अन्य कोष तथा धरौटि खाता समेत वर्षान्तको मौज्दात रु.२,९७,६८,६३३। रहेकोमा पालिकाले म्यानुअल रुपमा तयार गरी पेश गरेको एकीकृत आ.वि. मा गतवर्षको अल्या रु २९५९०६१८।३० देखिएको छ। यसरी रु १,७८,०१५।फरक परेको देखिन्छ।यसरी फरक परेको सम्बन्धमा पालिकाले हिसाब मिलान गर्नुपर्दछ।

यसर्थ, तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

४ **स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) बाहिरको कारोबार**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यालयले निःशुल्क रुपमा उपलव्ध गराई सवै नगरपालिकाहरुले Sub-national Treasury Regulatory Application (SuTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ। सो अनुसार सबै कारोबार सुत्रमा समावेश नभएको, त्यस्तै अनुसूचि १ देखी २४ सम्म आषाढ मसान्तको बैक अनुसार बाँकी समेत राखी अनुसूची पूर्ण रुपमा तयार नगरेको आदी कारणबाट वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं. २७०) ले निम्नानुसारको कारोबार सुत्रमा एकमुष्ट खर्च जनाए पनि सम्पूर्ण खर्चलाई खर्च प्रणालीमा आवद्ध भएको देखिएन। तसर्थ यसमा भएका सबै कमजोरी सुधार गरी सबै आर्थिक कारोबारको यथार्थ चित्रण गर्न सक्ने बनाइनुपर्दछ।

उपशीर्षकको विवरण	**यस वर्षको खर्च**
सामाजिक सुरक्षा कार्यक्रम	८६११६२९१
एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम	१५८४६९९२
जम्मा	**१०१९६३२८३**

५ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ। स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छनः

वजेट व्यवस्थापनतर्फ

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापननगरेको

• स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार नगरेको ।

• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयारनगरेको

• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना नगरेको

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,

भ्रमण खर्च व्यवस्थापनतर्फ

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमणअभिलेख व्यवस्थितनगरेको,

• नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने नगरेको खरिद व्यवस्थापन तर्फ

खरिद व्यवस्थापनतर्फ

• स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य नभएको

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको ।

• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्याकंननगरेको,

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र अभिलेख नराखेको

शिक्षातर्फ

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्थानरहेको ।

• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थितनरहेको,

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिकनगरेको,

विविध तर्फ

• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ.टी.डि.एस.नगरेको ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेखनराखेको ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र विल मात्र राखि खर्च गर्ने परिपाटी रहेको,

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा नगरेको,

•म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख नराखेको म. ले. प. फाराम ८०१ – बेरुजु लगत म. ले. प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन म. ले. प. फाराम ८०३ -बेरुजुको केन्द्रिय कार्यालयगत लगत म. ले. प. फाराम ८०४ - बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख अवस्था अनुसार ती म. ले. प. फाराम अद्यावधिकनरहेकोले उक्त फारामहरु अध्यावधिक गर्नुपर्दछ

सूचना प्रविधी पद्धति

सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् । सूचना प्रविधी नियन्त्रण वातावरणका सम्बन्धमा देखिएका ब्यहोरा निम्न छन्ः

· कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्धतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको

· सूचना प्रविधी पद्धतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वियननगरेको

· सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरे नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मानराखेको

· सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएकोले सूचना प्रविधि सम्बन्धमा आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्नुपर्दछ ।

कार्यालयले उपरोक्तानुसारको अवस्थामा सुधारगरि प्रभावकारी आन्तरिक नियन्त्रण कायम गर्नुपर्दछ।

६ **क्षेत्राधिकार वाहिरको खर्च**

आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७५ को नियम ३५(२) मा खर्च गर्ने वा खर्चको निकासा दिने अधिकारीले खर्च गर्नुपूर्व उक्त जिम्मेवारी आफ्नो कार्य क्षेत्रभित्रको हो/होइन यकिन गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। पूँजिगत खर्चबाट तपशिल बमोजिम आफ्नो क्षेत्राधिकार भित्र नपर्ने सरकारी तथा गैरसरकारी निकायको रु १,८०,१००।लेखेको छ। गुणात्मक प्रतिफल आउने क्रियाकलापहरुमा खर्च गर्नुपर्ने साथै असम्बन्धित निकायको खर्च लेख्ने प्रवृत्तीमा सुधार गर्नुपर्दछ।

भौ. न. र मिति	खर्च गरिएको निकाय र कामको विवरण	भुक्तानी रकम
२८६ गा पा चालु	जिल्ला प्रहरी कार्यालय तेह्रथुम सवारी साधन मर्मत	५११००।
२९- २०८२।०३।२४	उच्च अदालत विराटनगरको अस्थायी ईजलास धनकुटा कम्प्युटर खरिद	१२९०००।
	जम्मा	**१८०१००।**

७ **अबण्डा बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष खेलकुद विकास कार्यक्रम शिर्षकमा रु. ४१,६१,६१६ अबण्डा राखि खर्च गरेको छ । बजेट अबण्डा राखि खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ।

८ **खर्च विश्लेषण**

यसवर्ष कुल आन्तिरक आयबाट रु २०३५६०३१.०७ राजस्व बाँडफाँड र अनुदानबाट रु ५०९५४८७०१.५२ समेत रु ५२९९०४७३२.५९ आम्दानी भएकोमा चालु तर्फ रु ३२,२८,४३,२२८.०३ र पूँजिगत तर्फ रु १४,२०,४७,०५७.०५ समेत रु ४६,४८,९०,२८५.०८ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आय ४०८७२०४।६४ को हिस्सा २०.०८ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु ६४,९५,००२.०० खर्च भएको छ जुन आन्तरिक आयको १५९ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६०.९२ प्रतिशत चालु र ३९.०८ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

९ **क्षेत्रगत बजेट र खर्च**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	४६२८८०२०	३३५८५६३८	७२।५६
२	पूर्वाधार विकास	६५४४६३९८	५९६९३४८०	९१।२१
३	सामाजिक विकास	१००८९७०००	८७०३६९४१।०६	८६।२६
४	बातावरण तथा विकास	०	०	०
५	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	५८०००००	४८२०९८८	८३।१२
६	अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक	२४९८१८६६५।४३	२१४७६२४५०।४६	८५।९७

१० **योजना छनौट र कार्यान्वयन**

आ ब २०८१।०८२ मा रु.१ लाख भन्दा कमका ३७ वटा, १-५ लाखसम्म ४१ वटा, ५-१० लाख सम्म १४ वटा, १०-५० लाख सम्म ४ वटा, ५० लाख भन्दा माथि ३ वटा योजनामात्र छनौट गरी कार्यान्वयन गरेको देखिन्छ । स-साना र टुक्रे योजना छनौट गरी

बजेटलाई बितरणमुखी तरीकाले खर्च गर्नु भन्दा स्थानीय सरकार संचालन ऐनमा भएको ब्यवस्था अनुसार अधिकतम स्रोत साधन परिचालन गर्न सकिने, स्थानीय रोजगारी सृजना हुने र दिगो प्रतिफलमुखी योजना छनौट र कार्यान्वियनमा ध्यान दिनुपर्दछ ।

रु हजारमा

क्र.सं.	विवरण	योजना संख्या	रकम
१	रु १ लाखभन्दा कमको योजना	३७	३०५०
२	रु एक लाख देखि पाँच लाख सम्मका योजना	४१	८६००
३	रु ५ लाखदेखि १० लाख सम्मका योजना	१४	९१००
४	दश लाख एकदेखि ५० लाख सम्मका योजना	४	८२००
५	५० लाख भन्दा माथीका	३	१०००००
	जम्मा	९९	**१२६९५०**

११ **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन, २०४९, स्वास्थ्य सेवा ऐन, २०५३, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, र शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । यो वर्ष तलवी प्रतिवेदन पारित नगराई स्वास्थ्य स्थायी तर्फ रु ४४६०४५६ र पालिका स्थायी कर्मचारीतर्फ रु. ५९३७६२१ गरी जम्मा रु १०३९८०७७ खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरि खर्च लेख्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१२ **वितरणमुखी खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६)मा स्वीकृत वजेट खर्च गर्दा मितव्ययीता र प्रभावकारीता कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख छ। सार्वजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा समानीकरण चालुतर्फको भौचरहरुको परीक्षण गर्दा देहाय बमोजिमका वितरणमुखी प्रयोजनमा रु. १५६८०७४ खर्च गरेको देखिन्छ।यस्ता किसिमका खर्चमा नियन्त्रण गर्दै स्थानिय जनताको आयआर्जन बृद्दी हुने तथा उत्पादनमुलक क्षेत्रमा खर्च गर्नुपर्दछ।

भौ नं	विवरण	रकम
३७८।०८२।०३।३२	म्याङ्लुङ क्याम्पसलाइ सहयोग	४७५०००
३३७।०८२।०३।२३	सुत्केरी भेटघाट कार्यक्रम	६१३०७५
३२४।०८२।०३।२१	बृतचित्र निर्माण चिसापानी मिडिया हाउस	४७९९९९
	जम्मा	१५६८०७४

१३ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ ।त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई र प्रमाण कागजात राखि लेखा राख्नु पर्ने व्यवस्था रहेको छ । यो वर्ष खाना तथा विविधतर्फ रु. २३,६१,९६३।०० खर्च गरेको छ । खर्च संकेतको वर्गीकरणमा उल्लेख भए अनुसार खर्च पुष्टि हुने प्रमाण कागजात संलग्न नगरी होटल बिलमात्र संलग्न हुनुका साथै खाजा खाना खर्चको मापदण्ड समेत लागु गरेको देखिदैन । आन्तरिक आय न्युन रहेको अवस्थामा यस किसिमको खर्च गर्दा औपचारिक कार्यक्रम वा समारोह भए वा नभएको सो को पुष्टि हुने लगायतका प्रमाण समेत संलग्न राखी यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

क्र स	शिर्षकको नाम	भुक्तानी रकम	आन्तरिक आय	खर्च प्रतिशत
१.	विविध खर्च	१३,७६,०२८।००	४०८७२०४। ६४	५७.७
२.	अतिथि सत्कार खर्च	९,८५,९३५।००		
	जम्मा	२३,६१,९६३।००	४०८७२०४। ६४	

१४ **आर्थिक सहायता:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले आर्थिक सहायता प्रयोजनको लागि निम्न बमोजिमको कोष र शिर्षक स्थापना गरी यो वर्ष विभिन्न व्यक्ति एवं संघ संस्थालाई रु. ८०,९९,७७३।०० आर्थिक सहायता वितरण गरेको पाइयो।यस्तो खर्चमा स्पस्ट मापदन्ड र कार्यविधि बनाइ मितव्ययिता कायम गर्नु पर्दछ।

क्र स	शिर्षकको नाम	भुक्तानी रकम
१.	आकस्मिक कोष	७,३३,०८९।००
२.	विपद व्यवस्थापन कोष	१३,६८,६८४।००
४.	नागरिक उपचार कोष	१२,७४,०००।००
५.	७० बर्ष माथिको जेष्ठ नागरिकका लागि स्वास्थ्य उपचार सहयोग कार्यक्रम	४७,२४,०००।
	जम्मा	८०,९९,७७३।००

१५ **भ्रमण खर्च:**

भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्ला भित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु १९६०२४४। खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख दुरीको विवरण आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

१६ **पत्रपत्रिका छपाइ तथा सुचना प्रकाशन खर्च**

पत्रपत्रिकामा सूचना प्रकाशन गर्ने प्रयोजनार्थ छुट सम्बन्धी प्रस्ताव माग गर्न सकिने र गोरखापत्र संस्थानले सूचना प्रकाशनमा ३३ प्रतिशत सम्म छुट दिने व्यवस्था छ।साथै अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका, २०८१ मा सार्वजनिक निकायले प्रकाशन गर्नुपर्ने प्रतिवेदन प्रचलित कानून बमोजिम छपाई गर्नु पर्नेमा बाहेक छपाई नगरी त्यस्तो निकायको वेभसाइट मार्फत सार्वजनिक गर्नुपर्ने उल्लेख छ ।यसरी सार्वजनिक निकायले वेबसाइट वा अनलाइन मार्फत विद्युतीय माध्यमको समेत प्रयोग गरि सूचना प्रकाशन गर्नुपर्नेमा यस आर्थिक वर्षमा प्रतिस्पर्धा वेगर सिधै भुक्तानी दिइ सूचना प्रकाशन खर्च शिर्षकमा रु ३०१९९५४ । बजेट खर्च गरेको छ। सूचना तथा विज्ञापन प्रकाशन तथा प्रशारण गर्दा प्रतिस्पर्धी खरिद विधि अवलम्बन गर्नुका साथै छुट सुविधा लिई सार्वजनिक स्रोत साधनको सदुपयोगमा जोड दिनु पर्दछ।

१७ **इन्धन खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६)मा स्वीकृत वजेट खर्च गर्दा मितव्ययीता र प्रभावकारीता कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख छ।पालिकाले सार्वजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा

समानीकरण चालुतर्फको नमुना छनौटको आधारमा केही भौचरहरुको परीक्षण गर्दा डोजर इन्धन बाहेक इन्धन कार्यलय प्रयोजन रु ११८१४४२ इन्धन पदाधिकारी रु १३१५४५७ गरी जम्मा रु. २४९६८७९ खर्च गरेको देखिन्छ।उपलब्ध गराएको विवरण र PAMS SYSTEM मा हेर्दा मोटरसाइकल २१, एम्बुलेन्स १, जिप १, पिक अप भ्यान १ र व्याक हो लोडर १ ओटा रहेको देखिन्छ । जिन्सि निरिक्षण प्रतिवेदनबाट १४ ओटा मोटरसाइकल र बाँकी सबै सवारी साधन चालु अवस्थामा रहेको देखिन्छ ।आन्तरिक आय न्युन भएको अवस्थामा सवारीसाधन र इन्धनको अनुपात भिड्ने गरि मितव्ययी रुपमा इन्धनको खपत गर्नुपर्दछ ।

क स	शिर्षकको नाम	भुक्तानी रकम	आन्तरिक आय	खर्च प्रतिशत
१	इन्धन खर्च	१३,७६,०२८।००	४०८७२०४।६४	३३।६

इन्धन खर्च सम्बन्धमा देखिएको अन्य व्यहोरा निम्न छन ।

• इन्धन भुक्तानी दिदा पुर्ण रुपमा कुपन लागु गरेको पाइएन, जसका कारण कार्यालय प्रयोजनकै लागि कार्यालयका सवारीसाधनहरुमा इन्धन प्रयोग भए नभएको यकिन गर्न सकिएन तसर्थ कार्यालयले कुपन लागु गरि एक प्रति कार्यालयमा राखि कुपन भिडान गरि चेकजाँच गरेर मात्र भुक्तानी दिनुपर्दछ ।

• पालिकाले पठाएको कुपनमा मिति, पालिकाको छाप, परिमाण, सवारी नम्बर, प्रयोजन स्पस्ट रुपमा खुलाइएको छैन ।

• इन्धन लाइ PAMS मा प्रविष्ट गरी खर्च गरेको देखिएन, तसर्थ सबै प्रकारका इन्धन PAMS V2 प्रणालीमा प्रविष्ट गरेर मात्र खर्च निकासा गर्नुपर्दछ ।

• इन्धन प्रयोजनको लागि पेश्की दिने गरेको देखिएकोले यस्तो कार्यलाइ निरुत्साहित गर्नुपर्ने ।

१८ नाफामुलक संस्थालाई अनुदान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६)मा स्वीकृत वजेट खर्च गर्दा मितव्ययीता र प्रभावकारीता कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख छ।पालिकाले विभिन्न नाफामुलक प्रकृतिको संस्थालाइ रु ६०५०००।भुक्तानी लेखेको देखिन्छ। पालिकाले यस्ता किसिमका खर्चमा नियन्त्रण गर्नुपर्दछ।

सि नं	शिर्षक वा प्रयायोजन	रकम	प्राप्त गर्नेको नाम
१	तलब प्रयोजन	५००००	ह्यात्रुङ झरना महिला बहुउदेश्यिय सहकारी संस्था लिमिटेड
२	अनुदान	१०५०००	शिद्दकाली बहुउदेश्यिय महिला कृषक समुह
३	३६९।२०८२।०३।२४	४५००००	देउराली बचत तथा ऋण सहकारी संस्था लिमिटेड
जम्मा		**६०५०००**	

१९ व्यक्तिको नाममा भुक्तानी

आर्थिक कार्यविधि-तथा-वित्तीय उत्तरदायित्व-नियमावली-२०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्नेछ ।त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (८) अनुसार सार्वजनिक निकायले आपूर्तिकर्ता, निर्माण व्यवसायी वा परामर्शदातालाई सम्बन्धित पार्टिको नाममा अकाउन्ट पेई चेक वा विद्युतीय भुक्तानीको माध्यमबाट भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ।कार्यालयको स्रेस्ता नमुनाका रुपमा चेकजाँच गर्दा कार्यालयले सवारी साधनको निमित्त विभिन्न स्थानहरुमा गएको भनि इन्धन बापतको रकम निम्म बमोजिमको खरिदको भुक्तानी गर्दा सम्बन्धित पार्टीको नाममा भुक्तानी नलेखी विभिन्न कर्मचारी लगायतका व्यक्तिको नाममा भुक्तानी देखिन्छ । यस्तो खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

गो. भौ . नं र मिति	भुक्तानी लिने	भुक्तानी रकम
१०।२०८१।०६।०७	राम बहादुर भन्डारी	११४८००
१८।२०८१।०६।०७	राम बहादुर भन्डारी	६३१००
१०।२०८१।०६।०७	सन्जय खड्का	४११००
जम्मा		२१९०००

२० **कर्मचारी करार**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करार बाट लिईने कर्मचारी को दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । सोही ऐनको दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, कार्यालय सहयोगी, बगैंचे, प्लम्बर, ईलेक्ट्रिसियन, चोकिदार, मालि, बगैचे लगायतका पदमा करारबाट सेवा लिन सकिने व्यवस्था छ । दरबन्दि भित्र रिक्त रहेको २४ र ऐनको दफा ८३ बमोजिमको विभिन्न १३ पदहरुमा कर्मचारीहरु करारमा राखी रु. १५०१६९८५।०० खर्च लेखेको छ । दरबन्दी भित्रको पदहरुमा यथाशिघ्र लोकसेवा आयाोग मार्फत स्थायी पदपूर्ति गर्नुपर्ने र आन्तरिक करारको सम्बन्धमा आवयश्कता र औचित्यताका आधारमा व्यवस्थापन सर्वेक्षण गरी आन्तरिक स्रोतले धान्ने गरी मात्र करार कर्मचारी नियुक्ति गरी खर्च गर्नुपर्दछ ।

२१ **PAMS को प्रयोग**

महालेखा नियन्त्रक कार्यालयबाट तयार गरिएको सार्वजनिक सम्पत्ति व्यवस्थापन संचालनको प्रयोगकर्ता म्यानुअल अनुसार आर्थिक वर्ष २०७६/७७ सम्मको बाँकी खर्च भएर जाने तथा नजाने सम्पत्तिहरु सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा प्रविष्ट गरी (PAMS) लागू भए पश्चात खरिद गरिएका सम्पूर्ण मालसामानहरु उक्त प्रणालीमा आम्दानी बाँधी खर्च गर्नुपर्नेमा पाम्स प्रणालीमा आम्दानी बाँधी खर्च गरेको पाईएन ।कार्यालयले तपशिल बमोजिमको भुक्तानी गर्दा PAMS मा ENTRY भएको नदेखिएको हुँदा PAMS मा ENTRY भएको को प्रमाण पेश गर्नुपर्ने रु

गो भौ न	**विवरण**	**भुक्तानी पाउने**	भुक्तानि रकम	कैफियत
१०१।०८१।१०।१४	आकस्मिक बालि संरक्षण (विषादी खरिद)	सवाल एग्रो ट्रेडर्श	४६२०५१	
१७०।०८१।११।२७	सवारीसाधन मर्मत	इस्टर्न अटो पोइन्ट	४१०८१	
२६९।०८२।०२।३०	रेविज खोप महामारी रोकथाम खोप लगायत सामग्री	यदुबंशी सर्जिकल हाउस	९८७७०	
२६९।०८२।०२।३०	ढाका टोपी, खादा, सिलाम साक्मा, पछ्यौरा लगायत सामग्रीहरु	ह्यात्रुङ झरना सिलाइ सेन्टर	९५०००	
२७५।०८२।०३।०६		सम्पुर्ण किताव	८०००००	Item wise entry गर्ने ।
१२७।०८२।०३।२६ (शसर्त)	मोबाइल खरिद	दिपिशा मोबाइल पसल	९९६००	
	जम्मा		१५९६५०२।	

PAMS को प्रयोग सम्बन्धमा देखिएको अन्य व्यहोरा

• कार्यालयले खरिद गरेको, मर्मत गरेको, हस्तान्तरण भइ आएको वा अन्य कुनै प्रकारले प्राप्त भएको सबै प्रकारको जिन्सि मालसामान हरुलाइ PAMS V2 प्रणालीमा प्रविष्ट गरेर मात्र खर्च निकासा गर्नुपर्दछ ।

• वडा कार्यालय, विधालय, स्वास्थ्य चौकीहरुले खरिद गरेका सबै प्रकारको मालसामान हरुको PAMS मा प्रविष्ट नभएको हुँदा PAMS USER बनाइ प्रविष्ट गराउनु पर्दछ ।

• कतिपय जिन्सी सामग्रीहररुको खर्च निकाशा गर्दा एकमुस्ट रुपमा गर्ने गरेको पाइयो, Real Time र Real quantity मा खर्च घटाउनु पर्दछ ।

प्रमाण पेश नगरेको	१५,९६,५०२

२२ **बढी भुक्तानी**

आर्थिक कार्यविधि-तथा-वित्तीय उत्तरदायित्व-नियमावली-२०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्नेछ ।कार्यालयले निम्न सप्लायर्शलाइ भुक्तानी गर्दा बढी रकम भुक्तानी भएको हुदा बढी रकम निजहरुबाट असुल गर्नुपर्ने रु

गो भौ न	**भुक्तानी पाउने**	**भुक्तानी भएको रकम**	**भुक्तानी हुनपर्ने रकम**	**बढी भुक्तानी रकम**
१७४।०८१।१२।०८	शुभानी एडभरटाइजिङ प्रा लि	२८८१५०।	**२७३७४३।**	**१४४०७।**

असुल गर्नुपर्ने	१४,४०७

२३ **निर्देशिका विपरीतको खर्च**

अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका, २०८१ को अनुसुची ११ प्रशिक्षार्थीले पाउने पारिश्रमिक सम्बनधमा व्यवस्था रहेको छ । तालिम केन्द्र बाहेक अन्य निकायबाट सन्चालित सबै प्रकारको तालिमका स्रोत व्यक्ति।प्रशिक्षकहरुले सहायक स्तरको तालिम सन्चालन गर्दा स्थानीय स्तरमा कार्यपत्र बापत ७०० र कक्षा सन्चालन बापत रु ६०० पाउने व्यवस्था रहेको छ । सम्बन्धित कार्यालयले सञ्चालन गरेका तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए बापतको पारिश्रमिक नपाउने तर कार्यपत्र बापतको रु ७०० रकम पाउने व्यवस्था छ । त्यस्तै तालिम संयोजक र प्रतिवेदक एउटै व्यक्ती भएमा अतिरिक्त पारिश्रमिक नपाउने व्यवस्था छ । न्यायिक सचेतना कार्यक्रम सन्चालन गर्दा तपशिल व्यक्तिहरुको बढी रकम भुक्तानी भएको हुदा वढी रकम निजहरुबाट असुल गर्नुपर्ने रु

गो. भौ . नं	भुक्तानी लिने	भुक्तानि लिनुपर्ने	भुक्तानि लिएको	बढी भुक्तानी भएको रकम
३१०।२०८२।०३।१९	दिपक कट्टेल	९९४५	१५३००	५३५५।
३१०।२०८२।०३।१९	सुजन कुरुम्बाङ	१७५०	४५९०	२८४०।
	जम्मा			८१९५।

असुल गर्नुपर्ने	८,१९५

२४ **प्रतिलिपी विल**

(✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **५,७८९,३८४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

२५ **पारीश्रमिक कर**

आयकर ऐन २०५८ को दफा ८७ को अनुसुची १ बमोजिम कर योग्य आय हुने पदाधिकारी तथा कर्मचारीको तलब भत्ता भुक्तानी गर्दा पारिश्रमिक कर गणना गरी अग्रिम कर कट्टा गर्नुपर्ने उल्लेख छ । कार्यालयले उपलव्ध गराएको विवरण साथै पालिकाको श्रेस्ता नमुनाका रुपमा परिक्षण गर्दा मिति २०८१ श्रावण महिना देखि २०८२ आषाढ मसान्तिसम्मको अवधिमा तलब र भत्ता भुक्तानी गर्दा घटी पारिश्रमिक कर कट्टा गरेको पाइयो। निम्नानुसार वार्षिक आयमा छुट पाउने खर्च कटाई लाग्ने पारिश्रमिक कर असुल गरी राजश्व दाखिला गर्नुपर्ने रु.

क स	कर्मचारीको नाम	कुल वार्षिक आय	कुल छुट	कुल करयोग्य आय	लाग्ने कर १० प्रतशत
१.	श्री प्रसाद ढकाल	८६८४५७	८३१०९४	३७३६३	३७३६

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२९** को निर्णयले रू **१६,८१८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२९** को निर्णयले रू **१७,९८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	३,७३६

२६ जिन्सी व्यवस्थापन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण प्रतिवेदनले मर्मत सम्भार, लिलामी गर्नुपर्ने भनि उल्लेख गरेको जिन्सी सामानहरुको मर्मत तथा लिलाम प्रकृया अगाडी बढाउनुपर्छ ।

२७ खरिद योजना तथा इकाई

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरुयोजना र बार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७(३) मा कार्यालयका लागि एक खरिद ईकाई गठन गर्नुपर्ने उल्लेख छ । पालिकाले आ. व. २०८१।८२ मा पूँजिगत तर्फ रु १२५०२४१८९ को खरिद गरेकोमा बार्षिक खरिद योजना तयार गरेको नदेखिएकोले बर्षभरी कुन कुन सामान कति परिमाणमा आवश्यक पर्ने, कति सामान कहिले खरीद गर्ने र त्यसको उपयुक्त खरीद प्रकृया विधि के हुने जस्ता खरिद व्यवस्थापनका महत्वपूर्ण पक्षहरु सहितको कुनै योजना नहुँदा आवश्यकता बमोजिम खरीद गर्दै गएको एवं सार्वजनिक खरीद ऐन र नियमावलीको विपरित तोकिएको सीमा नाघ्न गई खरिद नियम तथा विधि विपरित हुन गएको, खरिद प्रक्रियामा सबैलाई सहभागी हुने समान अवसर सुनिश्चितता नदेखिएकोले कार्यालयले खरिद व्यवस्थानमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । त्यसै गरी खरिद इकाई गठन गरेको भएता पनी सो इकाईलाई प्रमावकारी रुपमा कार्यान्वयनमा ल्याएको पाईएन । तसर्थ ब्यबस्थित खरिद कार्यको लागि खरिद इकाईलाई प्रभावकारी वनाउन कार्यालयले ध्यान दिनु पर्दछ ।

२८ न्यानो झोला खरिद

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८१।८२ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ३ वटा बर्थिङ सेन्टरको लागि आ. ब. २०८०।८१ मा १११ थान न्यानोझोला खरिद गरि गाँउपालिकाले ३ ओटा बर्थिङ सेन्टरमा थान हस्तान्तरण गरेको देखिन्छ । यस वर्ष ७७ जना मात्र प्रसुति भएको स्वास्थ्य शाखाको अभिलेखबाट देखिन्छ । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । यसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ ।धेरै परिमाणमा खरिद गरि लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

गत वर्षको बाँकी अल्या थान	यस वर्ष खरिद	बर्थिङ सेन्टरमा हस्तान्तरण	खर्च तथा प्रसुती संख्या	बाँकी मौज्दात
१११	०	१११	७७	३४

२९ **दोहोरो भुक्तानी**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२५** को निर्णयले रू **२९,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३० **औषधि खरिद तर्फ**

आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष सघिंय शसर्त तर्फ देहायका फर्मसँग रु १३७०५२०।०० र गाँउपालिका चालु तर्फ ८०७२५१।०० को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ

भौचर मिति	**ठेक्का नं**	**सप्लायर्श**	**लागत अनुमान**	**सम्झौता रकम**	**भुक्तानी रकम**	**ल ई को तुलनामा घटि**
८२।२०८२।०३।०४	PHRM/GOODS.05.2081/082	रिद्विसिद्धि मेडिटेक इन्टरनेशनल	१५७०१२४.५०	६६७०८८.४७	५९४१२०।	४२.४८

केहि व्यहोरा

गो. भौ . नं	भुक्तानी लिने	भुक्तानी रकम	कैफियत
११३।२०८२।०३।२१	रिद्विसिद्धि मेडिटेक इन्टरनेशनल	५७६०००	ठेक्काकै दररेटमा खरिद कोटेशन
१८।२०८१।०६।०७	रिद्विसिद्धि मेडिटेक इन्टरनेशनल	५९९९११	कोटेशन
जम्मा		११७५९११।	

३१ **पेश्की बाँकी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३(६) मा निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौतामा उल्लिखित समयावधि भित्र सम्पादन नगरेको कारणले यस नियम बमोजिमको पेश्की फस्र्यौट हुन नसकेमा सार्वजनिक निकायले उपनियम(३) बमोजिमको बैङ्क जमानतको रकम सम्बन्धित बैङ्कबाट प्राप्त गरी पेश्की फस्र्यौट गर्नुपर्ने र निजबाट त्यस्तो पेश्की रकमको सय कडा दश प्रतिशत व्याज समेत असूल उपर गर्नुपर्ने उल्लेख छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ अनुसार पेश्की लिने व्यक्तिले काम सम्पन्न भएपछि लिएको पेश्की फस्र्यौट गर्नुपर्ने उल्लेख छ । सरकारी कामकाजको लागि पेश्की दिएको रकम सोहि आर्थिक बर्षमा फस्यौट हुन नसकेमा कार्यालय प्रमुखले त्यसरी फस्यौट हुन बाँकी रहेको पेश्की रकम, पेश्की लिनेको नाम थर, स्थायी तथा अस्थायी ठेगाना, सम्पर्क नम्बर, मोबाइल नम्बर, र इमेल ठेगाना सहित कुन कामका लिग पेश्की दिएको हो सो समेत खुलाइ अर्को आर्थिक बर्षमा जिम्मेवारी सारी प्रमाणित गर्नुपर्ने व्यबस्था छ । कार्यालयले गत विगत देखिको पेश्की हाल सम्म पनि फस्र्यौट गरेको देखिएन । यसर्थ बाँकी रहेको पेश्की असुल फस्र्यौट गर्नुपर्ने रु.

	पेश्कीको प्रयोजन	प्रकार	नाम	रकम म्याद ननाघेको	रकम म्याद नाघेको
१३२/०८२/०३/१३	विधालय पुर्वाधार साझेदारी	संस्थागत	सिद्दकाली मा वि फेदाप २		१९५००००
१८७/०८२/०३/२४	विधालय पुर्वाधार साझेदारी	संस्थागत	इसिवु मा वि फेदाप ५		६५००००
३/०८१/११/०४	रिठे खोला खोगे कुला सिँचाइ योजना	उपभोक्ता समिति	रिठे खोला खोगे कुला सिँचाइ योजना		४०००००
४२/०८१/०६/१३	खेलकुद असहाय सहयोग कार्यक्रम वडा नं ५	व्यक्तिगत	हेम कुमारी ढकाल		७५०००
२३/०८२/०३/०५	सुरक्षित नागरिक आवास कार्यक्रम तेह्रथुम जिल्ला क्षेत्र नं १ अन्तर्गत फेदाप गाँउपालिका-६९६ वटा	व्यक्तिगत	नरेन्द्र कुमार		४५०००
३७/०८२/०३/२४	सिपमुलक र व्यवसायिक तालिम	संस्थागत	फेदाप अपाङ्गता सरोकार समाज		१३००००
६७/०८१/०४/०१	अन्य सार्वजनिक निर्माण	ठेकेदार	किरातेश्वर।जोशी। सफल जे.भि.	२२२३५५२	
जम्मा				२२२३५५२	३२५००००।
				पेश्की	३२,५०,०००

३२ **बगुंरको पाठा वितरण कार्यक्रम**

२४१।२०८२।०२।०४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६)मा स्वीकृत वजेट खर्च गर्दा मितव्ययीता र प्रभावकारीता कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख छ।पालिकाले च्याङलुङ एग्रो फर्म बाट २० ओटा वीर प्रतिभेडा रु १०००० का दरले र ३० ओटा भुनी रु ७५०० का दरले एकमुस्ट रुपमा खरिद गरी ल्याएको देखिन्छ वीर र भुनि खरिद गर्दा तोकिएको दरमा तौल लिएर गर्नुपर्नेमा एकमुस्ट सालाखाला रु १०००० र ७५०० को दरले खरिद गर्दा सबै वीर र भुनीको तौल बराबर भए/नभएको र सबै वीर र भुनीको मुल्य बराबर पर्ने/नपर्ने यकिन गर्न नसकिएको ।यस्तो कार्यक्रम सन्चालन गर्दा पालिकाले लागत साझेदारीमा वास्तविक अनुदान पाउन योग्य कृषकहरुको छनौट गरी वितरण गर्नु उपयुक्त हुन्छ ।खरिद गरिएका उक्त वीर र भुनिहरु को विमा भएको तर निरोगी भएको प्रमणित गर्ने कागजात संलग्न रहेको देखिएन अनुदान पश्चात पालिकाले त्रैमासिक रुपमा अनुगमन गर्नुपर्नेमा सो गरेको देखिएन ।यसतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

भुक्तानी पाउने	पशुको सङ्ख्या	मुल्य प्रति बङ्गुर	रकम भुक्तानी
च्याङलुङ एग्रो फर्म	२० वीर	१००००।	२०००००।
	३० भुनी	७५००।	२२५०००।
जम्मा			४१८६२५।

३३ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ५ र यो वर्ष थप भएको १ गरी कुल ६ विवाद दर्ता भएकोमा १ वटा मात्र फर्स्योट भई ५ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

३४ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३६ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, जनस्वास्थ्य अधिकृत सहित ३१ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ, रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

गाउँपालिका तर्फ

क्र.सं.	स्वीकृत पद	तह	दरवन्दी संख्या	(पदपुर्ति (आषाढ २०८१/८२ मसान्तको स्थिति)		रिक्त दरबन्दी	कैफियत
				स्थायी पदपुर्ति	करारबाट		
1	प्रमुख प्रशासकीय अधिकृत	८औं	१	१			
2	ईन्जिनियर	७/ ८ औं	१			१	
3	अधिकृत (शिक्षा)	७/ ८ औं	१	१			
4	अधिकृत (प्रशासन)	६औं	२			२	
5	अधिकृत (लेखा)	७/ ८ औं	१			१	
6	अधिकृत (कृषि)	७/ ८ औं	१			१	
7	अधिकृत (भेटरिनरी)	७/ ८ औं	१			१	
8	आन्तरिक लेखापरिक्षक	५औं	१	१			
9	सहायक पाचौ (प्रशासन)	५औं	६	१		५	
10	कम्प्युटर अपरेटर	५औं	१	१			
11	लेखा सहायक	५औं	१	१			
12	प्रा.स.	५औं	१			१	
13	हे.अ.	५/ ६ औं	१	१			
14	सहायक पाचौ (कृषि)	५औं	२			२	
15	सहायक चौथो (कृषी)	४औं	१		१		
16	सहायक पाचौं (भेटरीनरी)	५औं	२			२	
17	सहायक चौथो (भेटरीनरी)	४औं	२		२	-	
18	सब.ईन्जिनियर	५औं	३		१	२	
19	अ.सब ईन्जिनियर	४औं	६		४	२	काज सरुवा १
20	सहायक चौथो (प्रशासन)	४ औं	५			५	
21	महिला विकास निरिक्षक	४ औं	१			१	
22	खा.पा.स.टे	४ औं	१			१	काज सरुवा १

			४२	७	८	२७	

स्वास्थ्यसेवातर्फ

क्र.सं.	स्वीकृत पद	तह	दरवन्दी संख्या	(पदपुर्ति (आषाढ 2081/ 82 मसान्तको स्थिति)		रिक्त दरबन्दी	कैफियत
				स्थायी पदपुर्ति	करारबाट		
1	अधिकृत	६ औं	५	1		४	
2	सहायक पाचौ (हे.ई)	५ औं	५	१	४		
3	सहायक पाचौ (क.न)	५ औं	५	३	२		
4	सहायक चौथो (हे.ई)	४ औं	५		५		
5	सहायक चौथो (क.न)	४ औं	५		५		
			२५	५	१६	४	

फेदापगाउँपालिका, वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरु को जम्मा दरवन्दीको अवस्था आ.व. २०८१/ ८२सम्मको

क्र.सं.	स्वीकृत पद	तह	दरवन्दी संख्या	स्थायी पदपुर्ति	करारबाट	रिक्त दरबन्दी	कैफियत
१	सबै	सबै	६७	१२	२४	३१	

३५ फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

३६ सार्वजनिक परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

३७ सवारीसाधन मर्मत खर्च

आर्थिक कार्यविधि-तथा-वित्तीय उत्तरदायित्व-नियमावली-२०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्नेछ । पालिकाले तपसिलको नम्बरको मोटरसाइकल मर्मत गर्दा मर्मत आदेश २०८२।०२।०८ दिएको र मर्मत सम्पन्न पनि सोही दिन २०८२।०२।०८ कै मितिमा PAMS प्रविष्ट भएको छ । एकै दिनमा मर्मत आदेश र सम्पन्न हुन सक्ने पर्याप्त आधार देखिदैन । विल मिति पालिकाले दिएको मर्मत आदेशको मिति भन्दा १२० दिन (२०८१।१०।०७) अगाडी रहेको देखिन्छ ।यसबाट पालिकाले सवारीसाधन मर्मत गर्नुभन्दा अगाडी मर्मत आदेश नदिएको र मर्मत गर्ने पदाधिकारीले मर्मत आदेश माग नगरिकनै मर्मत कार्य सम्पन्न गरेको देखिन्छ । सवारीसाधन मर्मत सवारीसाधन खर्चको पर्याप्त आधार पुष्टी नहुने गरि अस्वभाविक रुपमा खर्च गरेको देखिन्छ ।अत: औचित्य तथा आधार पुष्टि नहुने यस किसिमको खर्च अनियमित देखिएको रु

गो. भौ . नं	सवारी नम्बर	भुक्तानी लिने	भुक्तानी रकम
२७४।२०८२।०३।०५	००१ ब २६८३	मितेरी डेभ्लपर्शएन्ड सप्लायर्श प्रा लि, धरान	१६१८९०।

अनियमित भएको	१,६१,८९०

३८ **शिर्षक फरक पारी खर्च**

महालेखा नियन्त्रक कार्यालयको एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्या, २०७४ बमोजिम बिनियोजित बजेट सम्बन्धित खर्च शिर्षक अन्तर्गत रहि खर्च गर्नुपर्ने उल्लेख छ। कार्यालयले सो विपरित निम्न खर्चहरु फरक खर्च शिर्षक र तथा फरक खर्च खाताबाट खर्च लेखेको नियमसम्मत नदेखिएको रु

विवरण	खर्चलेखेकोशिर्षक	खर्चलेख्नुपर्ने	रकम
२६५।२०८२।०२।२७	आकस्मिक कोष	चासोक तङनाम कार्यक्रम वडा नं ५	२००००
		अनियमित भएको	२०,०००

३९ **जे.सि.वि. सन्चालन र आम्दानी विश्लेषण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६)मा स्वीकृत वजेट खर्च गर्दा मितव्ययीता र प्रभावकारीता कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख छ।पालिकाले सार्वजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा समानीकरण चालुतर्फको नमुना छनौटको आधारमा केही भौचरहरुको परीक्षण गर्दा जे. सि. वि. को आम्दानी नभएको र खर्च रु १९६९७६३। भएको देखिन्छ । मापदन्ड र कार्यविधि बनाइ उत्पादनमुलक र आम्दानी हुने क्षेत्रमा उपयोग गर्नु पर्दछ ।

जे. सि. वि. इन्धनखर्च	जे. सि. वि. मर्मत खर्च	जे. सि. वि. सन्चालक भत्ता	जम्मा खर्च	जम्मा आम्दानी
९७४४२५	७९९६५८	१९५६८०	१९६९७६३।	०

४० **भर्पाइ मार्फत खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६)मा स्वीकृत वजेट खर्च गर्दा मितव्ययीता र प्रभावकारीता कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख छ।पालिकाले विभिन्न शिर्षकमा भुक्तानी दिँदा भर्पाइका अधारमा दिएको देखिन्छ । यसरी खर्च गर्दा सम्बन्धितले बुझिलिए नलिएको सम्बन्धमा बिस्वस्त हुने आधार देखिदैन । यसर्थ पालिकाले भर्पाइ मार्फत खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ ।

भौ नं	**विवरण**	**भुक्तानि लिने**	**रकम**
१२०।०८१।१०।२३	पुरस्कार वितरण (भलिबल र फुटबल)	ऐतिहासिक चासोक तङनाम मेला	१०००००
१६३।०८१।११।२०	राष्ट्रपति रनिङ सिल्ड कप	श्री प्रसाद ढकाल	८३७००
३२४।०८२।०३।२१	पुरस्कार वितरण	पदम सुन्दर लिम्बु फम्बो	२५००
३३१।०८२।०३।२२	फेदाप प्रज्ञान स्मारिकाको सम्पादन बापत पारिश्रमिक	केशव प्रसाद गिरी	१८०००
३१६।०८२।०३।२०	पुरस्कार वितरण	पोक्लाबाङ बजार व्यवस्थापन समिति	२२२०००
३४२।०८२।०३।२३	पुरस्कार वितरण	मोहन सिङ लिम्बु	४५३१९३
	जम्मा		८७९३९३

४१ **सेवा प्रवाह**

नेपालको संविधानको अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसारका सेवाहरु पालिकाले स्थानीयवासीलाई प्रदान गर्दछ । आफ्नो कार्यक्षेत्र भित्रका नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, जन्म, मृत्यु, विवाह दर्ता, बसाई सराई, विद्युत मिटर सिफारिस, निशुल्क सिफारिस लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अभिलेखिकरण अद्याबधिक गरिनु पर्दछ।पालिकाबाट उपलब्ध विवरण अनुसार यो वर्ष प्रवाहित सेवाहरुको विवरण निम्नानुसार रहेको छ।

विवरण	जम्मा
स्वीकृत घरनक्सा दर्ता पास	०
पञ्जिकरणतर्फ	
जन्मदर्ता	३७९
मृत्युदर्ता	१७१
बसाईसराई दर्ता	१५६
विवाह दर्ता	१८४
सम्बन्धविच्छेद दर्ता	३१
पूर्वाधार विकास सडक निर्माण	
कालोपत्रे सडक निर्माण (कि.मी)	०
कालोपत्रे सडक मर्मत(कि.मी)	०
ग्राभेल सडक निर्माण(कि.मी)	०
ग्राभेल सडक मर्मत(कि.मी)	०
सडक बाटो सोलिङ्ग	६ कि मि

४२ **आन्तरिक लेखापरीक्षण**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले यस वर्षको पालिका तर्फको आर्थिक कारोबारको मिति २०८२।०४।२२ मा आन्तरिक लेखापरीक्षण गराएको र अन्तर सरकारी बाहेकको आर्थिक कारोबारको मिति २०८२।०५।०३ मा आन्तरिक लेखापरीक्षण गराएको छ। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने कार्यलाई निरन्तरता दिनुपर्दछ ।

४३ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले आ.व. २०८०।८१ मा पालिका सम्बन्धित डिजिटल प्रोफाइल तयार गरेको भएता पनि यस आ.व. मा अद्यावधिक नभएको पाइयो । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गरी पालिकाको प्रोफाइलको समयानुसार अद्यावधिक गरिनुपर्दछ।

४४ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

४५ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदान	केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
संघ	३०२४५४५२७।४०	४०८७२०४।६४	१.२६
प्रदेश	२२४६९८१६		
जम्मा	३२४९२४३४३।४०	४०८७२०४।६४	

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.२६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४६ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको र उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरेको तर बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण नभएको र आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराइएको पाइयो ।

४७ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले हालसम्म ९ वटा ऐन, १० वटा नियमावली, २ कार्यविधि लगायत २१ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै पालिकाले ती कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरे तापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ ।

४८ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार ५ वटा वडाको लागि वडागत ६५ र पालिकास्तरका ७३ गरी कुल १३८ योजनामा वजेट विनियोजन गरेको छ। उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ, योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

विवरण	रु.२० लाख माथिका	रु.५ लाख देखि २० लाख सम्मको	रु.५ लाख मुनिका	जम्मा योजना संख्या
पालिकास्तर	१२	१३	४८	७३
वडास्तरिय	०	०	६५	६५
जम्मा	१२	१३	११३	१३८

४९ **कर दायित्व**

पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार आ व २०८०।८१ को वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु. ४३१५१ देखाएको छ ।यकिन भई सकेको कर दायित्व पुरा दाखिला नभई गत आ.व. को म ले प प्रतिवेदनमा कर दायित्व रु १८०९९ मात्र देखाएको देखिन्छ ।बाँकी रहेको कर कट्टी रकम रु २५०६० सम्बन्धित खातामा दाखिला गरी प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	२५,०६०

५० **ठेक्का व्यवस्थापन**

५०.१ **ठेक्का विवरण -**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ ।पालिकाको ठेक्का व्यवस्थापनको अवस्था निम्नानुसार रहेको छ।

क्र सं	ठेक्का न	निर्माणव्यवसायी	सम्झौता	म्यादथप	लागतअनुमान	सम्झौतारकम	हालसम्म भुक्तानी
१	असुवच्यने हुदै ग्रामसुधार मा.बि सडक PHRM/NCB/01/2081/082	आशिकनिर्माण सेवा	१०। १४। २०८१	नभएको	११,८६३,७१२। ४३	७,३९९,०४३। ३०	७,२८४,३३६। ८४
२	सातभैयाटारगाँउ पौठाक जोड्ने सडक निर्माण कार्य PHRM/NCB/2081/082/02	न्यूपाथिभरा कन्स्ट्रक्सन धरान	१०। २४। २०८१	नभएको	५,९३६,४२४। ०३	५,९३१,५९०। ३५	५,४६७,०३८। ७१
३	नेवईकामरुङ हुदै ०२ नः वडा कार्यालय जोड्ने सडक PHRM/NCB/2081/082/03	सुमितमित्र कन्स्ट्रक्सन सुनसरी	१०। २७। २०८१	नभएको	५,९३४,०६२। २८	५,७९४,२५७। ७७	५,६४८,३३३। ०६
४	चिचिलिंङपोखरी भ्यागुते ढुङ्गा तथा भैंसे पोखरी सेरक्षण PHRM/NCB/04/2081/082	पि.एण्ड.ए.जीनिर्माण सेवा	१२। ३। २०८१	नभएको	९,७५७,८१५। ३६	७,४९२,५०२। ८९	७,१३७,०१८। ९७
५	नेवइप्रजङ हुदै रातमाटे सम्दु सडक स्तरउन्नती PHRM/01/2080/081	शास्वतकन्स्ट्रक्सन प्रा.लि	१२। ८। २०८०	९। २८। २०८१	१९,९६२,२५१। ७६	११,३०९,२३६। २१	१०६८१३७४। ९८
६	ह्यात्रुङ् झरना पर्यटन योजना PHRM/06/077/078	किरातेश्वर-जोशी-सफल जे.भी	५। २८। २०७८	३। ३१। २०८२		५०,१२५,४३३। २६	१६,०३२,५०७। ३५
७	दशशैयाको पोक्लावाङ अस्पताल निर्माण	Om Buddha/Shanti/Machendra J.V	३। १५। २०७८	३। ३०। २०८२		८१३७१२४४। ०८ भरिएसन पश्चात १०३३९०१८२। ४०	८३,५४६,१३७। ३६

यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन:

ठेक्का व्यवस्थापन

गत वर्ष सम्झौता भएको एक योजना एक पटक म्याद थप गरि र यस वर्ष सम्झौता भएका ४ योजना सम्झौता अवधिभित्र सम्पन्न गरेको छ भने ह्यात्रुङ झरना पर्यटन पूर्वाधार योजना र दश शैयाको पोक्लावाङ अस्पताल निर्माण योजना शुरु सम्झौता अवधिको शतप्रतिशत भन्दा बढि म्याद थप हुँदा समेत निर्माण कार्यसम्पन्न हुन सकेको छैन। यसरी तोकिए बमोजिमको कार्यतालिका अनुसार कार्यसम्पन्न नहुनु तथा पटक पटक म्याद थप भएबाट कार्यालयको समग्र ठेक्का व्यवस्थापन प्रभावकारी नभएको देखिन्छ। अत: पालिकाले निर्माण व्यवसायीसँग सम्झौतामा उल्लेखित कार्य तालिका तथा सम्झौताको शर्त बमोजिम समयमै कार्यसम्पन्न गराउने तर्फ ध्यान दिनुपर्दछ।

म्याद थप

सार्वजनिक खरिद ऐनको दफा ५६ बमोजिमको अवस्थामाखरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधि भित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई सम्झौताको म्याद सकिनु कम्तिमा २१ दिन अगावै निवेदन दिनु पर्ने र त्यस्तो निवेदन प्राप्त भए पछि निवेदकको उल्लेखित कारण मनासिव देखिएमा शुरु सम्झौता अवधिको पन्ध्र प्रतिशत सम्मको अवधिकोम्याद थप, बोलपत्र स्वीकृत गर्ने अधिकारीले र सो भन्दा बढी पच्चीस प्रतिशत अवधि सम्मको म्याद थप गर्नु पर्ने भएमा विभागीय प्रमुखले थप गर्न सक्ने, साथै उल्लेखित अवधि भन्दा बढी अवधिको म्याद थप गर्नु पर्ने मनासिव कारण भएमा सम्बन्धित मन्त्रालय वा निकायको सचिवले थप गर्न सक्ने उल्लेख छ। साथैसार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा खरिद सम्झौतामा तोकिएको म्यादभित्र कार्य सम्पन्न नगरेमा पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ। माथि उल्लेख भएको क्र सं ६ को ह्यात्रुङ झरना पर्यटन पूर्वाधार योजना र क्र सं ७ को १० शैयाको अस्पताल निर्माण कार्यको कार्यपालिकाको निर्णय बमोजिम तेस्रो पटक २०८३।०३।३० सम्मको म्याद थप

गरी हालसम्म शुरु सम्झौता अवधिको १५० प्रतिशतसम्म म्याद थप भएको छ । तोकिएको समयमा काम सम्पन्न गर्ने गराउने तर्फ ध्यान दिनुपर्दछ।

संघीय समपुरक

नेपाल सरकारको समपूरक अनुदान सम्बन्धी कार्यविधि,२०८१ को अनुसूचि १ अनुसार फेदाप गाउँपालिका सहित 'क' समुहमा रहेका पालिकाको हकमा नेपाल सरकारको ८० प्रतिशत र पालिकाले २० प्रतिशत लागत सहभागिता गर्ने उल्लेख छ। त्यसै गरी कोशी प्रदेश सरकारको समपूरक अनुदान सम्बन्धी कार्यविधि(संशोधन सहित),२०७९ र कोशी प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि,२०८१ को अनुसूचि १ अनुसार फेदाप गाउँपालिका सहित 'क' समूहमा रहेका पालिकाको हकमा प्रदेश सरकारले ८० प्रतिशत र पालिकाले २० प्रतिशत लागत सहभागिता गर्ने उल्लेख छ। सोहि बमोजिम लागत साझेदारी हुने गरी पालिकाले अनुसूची २ बमोजिमको समपूरक अनुदान प्रस्ताव गरी तपशिल बमोजिमका ४ योजना सम्झौता गरी निर्माण सम्पन्न गरेको छ। यसरी सम्पन्न योजनामा पालिकाले स्वीकृत समपूरक अनुदान प्रस्ताव बमोजिम संघीय र प्रदेश सरकारबाट ४ वटा योजनाको कार्यसम्पन्न रकम रु ३,११,१६,२८६। को ८० प्रतिशतले हुने रु २,४८,९३,०२९। निकासा लिनुपर्नेमा ५९ प्रतिशतले रु १,८३,५८,६०९। निकासा लिएबाट रु ६५,३४४,४२०। अतिरिक्त व्ययभार परेको छ। यसर्थ, संघीय समपुरक अनुदानको प्रचलित कानून बमोजिम अधिकतम लाभ आर्थिक सामाजिक रुपान्तरणमा उपयोग गर्नुपर्दछ।

क्र सं	योजना विवरण	अनुदान	कार्यसम्पन्न रकम	भएको योगदान	योगदान प्रतिशत
१	नेवई प्रजाङ हुदै मेहेले रातमाटे सम्दु सडक स्तरोन्नती	प्रदेश समपूरक	१०६८१३७५	७१२६०३५	६६.७१
२	सत्मैया टार गाउँ देखि पौठाक जोड्ने सडक	प्रदेश समपूरक	५४६७०३९	३३५१५३७	६१
३	नेवई कामरुङ हुदै वार्ड नं २ जोड्ने सडक	प्रदेश समपूरक	५६४८३३३	३३८८९९९	६०
४	असुवा च्यानेबाट ग्राम सुधार मा वि हुदै पेत्वारे सडक स्तरोन्नती	संघिय समपुरक	९३१९५३९	४५००६२७	४८.२९
जम्मा			**३१११६२८६**	**१८३५८६०९**	
प्रतिशत			**१००%**	**५९.५०**	

५०.२ **बढी भुक्तानी-**

नेवई प्रजाङ हुदै मेहेले रातमाटे सम्दु सडक स्तरोन्नती योजनाको निर्माण व्यवसायी शाश्वत कन्स्ट्रक्सनलाई दोस्रो तथा अन्तिम रनिङ्ग विल भुक्तानी गर्दा पहिलो रनिङ विलमा भुक्तानी भएको रु ७१,२६,०३५। घटाई भुक्तानी हुनेपर्नेमा रु ७१,०१,०३५। घटाई भुक्तानी गरेकोले रु २५,०००। बढि भुक्तानी भएको छ।अत:बढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	२५,०००

५१ **पर्यटन पूर्वाधार विकास योजना**

पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी (संचालन तथा व्यवस्थापन) निर्देशिका,२०७७ को दफा ९ अनुसार साझेदारीमा संचालन हुने योजनामा गाउँपालिकाको हकमा ३० प्रतिशत लागत साझेदारी हुनुपर्ने र तुलनात्मक रुपमा न्यून आय भई मानव विकास सुचकाङ्क ०.५ प्रतिशत भन्दा कम भएको पालिकाको हकमा संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले थप ५ प्रतिशत व्यहोर्ने व्यवस्था उल्लेख छ।यस अनुसार फेदाप गाउँपालिकाको हकमा पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी कार्यक्रम अन्तर्गत २५ प्रतिशत लागत साझेदारी हुनुपर्ने अनिवार्य रहेको देखिन्छ।पालिकाले यस वर्ष सस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट यस कार्यक्रम अन्तर्गत चिचिलिङ पोखरी तथा भ्यागुते पोखरी, भैंसैपोखेरी संरक्षण तथा पूर्वाधार निर्माण योजनामा प्राप्त रु १ करोड

बजेटबाट पर्यटकिय पूर्वाधार निर्माणमा रु ९४२२७१७। शतप्रतिशत संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमबाट व्यहोरेको पाईयो। कार्यविधिको व्यवस्था अनुसार खर्चको ७५ प्रतिशतले हुने रु ७०६७०३८। संघीय सरकारको स्रोत र २५ प्रतिशतले हुने रु २३५५६७९। गाउँपालिकाले व्यहोर्नुपर्ने देखिन्छ।यसर्थ, शतप्रतिशत संघीय सरकारको स्रोतबाट भुक्तानी भएकोले २५ प्रतिशतले पालिकाले लागत साझेदारी गर्नुनपर्ने प्रमाण पेश गर्नुपर्ने अन्यथा रु २३५५६७९। संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	२३,५५,६७९

५२ **एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम**

५२.१ **निर्माण कार्यप्रगति**

गाउँपालिकाले १० शैया अस्पताल भवन निर्माणका लागि जम्मारू. १२४५४५३५२ (मू.अ.कर समेत) को लागत अनुमान तयार गरेकोमा बोलपत्रको माध्यमबाट सारभुत रुपमा घटी कबोल गर्ने ओमवुद्धशान्ती मछिन्द्र जे.भी. सँग रू. ८,१३,७१,२४४।०० मा २०७८।३।१५ मा निर्माण सम्झौता गरेकोमा आ.व. २०८०।८१ मा प्रथम भेरिएसन आदेशबाट सम्झौता रकम रु १०३३९०१८२।४० कायम भएको देखियो। आयोजनाको सम्झौता भएको अवधि २०७८।३।१५ देखि २०८०।३।३० मा निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा लेखापरीक्षण अवधि २०८२।५।०५ सम्म शुरु सम्झौता अवधिको २ वर्ष र तत् पश्चात २ पटक थप भएको २ वर्ष भन्दा बढि अवधि समेत व्यतीत भई तेस्रो पटक २०८३।०३।३० सम्मको म्याद थप भएको अवस्था छ।हालसम्म रु ८३५४६१३७।३६ भुक्तानी भई वित्तिय प्रगति ८० प्रतिशत रहेको देखिन्छ।गाउँपालिकाले २०८३।३।३० सम्म म्याद थप भएको अवधिमा पालिकाले प्रभावकारी ठेक्का व्यवस्थापन कायम गरी निर्माण कार्य सम्पन्न गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५२.२ **कार्यसम्पादन जमानत:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (४) मा स्वीकृत बोलपत्रको बोलपत्रदाताले कार्य सम्पादन जमानत पेश गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम, ११० मा कार्यसम्पादन जमानतको म्याद त्रुटी सच्याउने अवधि भन्दा १ महिना बढी अवधिको म्याद भएको हुनुपर्ने उल्लेख छ।पालिकाले लागत अनुमान रु १२४८२६६६८।९९ भएको यस योजना अर्न्तगत निर्माण व्यवसायी बाट सम्झौता रकम रु ८१३७१२४४।०८ खाम्ने गरी रु १७२८४०४३। बराबरको कार्यसम्पादन जमानत पेश गरेको छ।पालिकाको पहिलो भेरिएसन आदेशबाट आयोजनाको लागत अनुमान रु १५९८७२८९२।६० कायम भई सम्झौता रकम रु २२०१८९३८।३२ ले बढोतरी भई आयोजनाको सम्झौता रकम रु १०३३९०१८२।४० कायम भएको छ।यसरी भेरिएसनबाट सम्झौता रकममा समेत वृद्धि भएको अवस्थामा वृद्धि भएको रकमको रु ४६७७०३७। बराबरको तेस्रो पटक म्याद थप भएको निर्माण सम्पन्न गर्ने अवधि २०८३।०३।३० को त्रुटि सच्याउने अवधि समेत खाम्ने गरि २०८४।०४।३० अवधिसम्मको कार्यसम्पादन जमानत पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	४६,७७,०३७

५३ **डिपिआर खर्च**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन।DPR तयार गर्दा कार्यालयले विभिन्न टुक्रा पारी सिलवन्दी र सोझै खरिद गरेको नियमसम्मत मान्न सकिँदैन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । यसरी तयार गरेका डि.पि. आर कार्यान्वयनमा लैजानु पर्दछ।

क्र सं	कार्य विवरण	परामर्शदाता	भुक्तानी रकम	निर्माण लागत	कार्यान्वियन भए वा नभएको
१	र्याप रोड देखि कोया खोला सडक/शङ्कर मा वि जलजले मार्सेटार खेलमैदान देखि खोरुङ्गा खोला सडक	DMS Consult	१९८९९८०।	५ करोड	नभएको

५४ **झोलुङ्गे पुलतर्फ**

५४.१ झोलुङ्गे पुल क्षेत्र विकास कार्यक्रम अन्तर्गत कोयाखोला केरावारी झो पु, कोया खोला ट्रस,यावरा हात्तिसार झो पु, मझौं गुफा झो पु, धुङ्सुवा खोला जलजले झो पु लगायत झोलुङ्गे पुल निर्माणको लागि प्राप्त अनुदान रु १० लाख बाट पालिकाले रु ९,९०,१८०। बरावरको स्टिल पाट्र्स खरिद गरी केराबारी झोलुङ्गे पुल उपभोक्ता समिति फेदाप ४ सम्दुलाई हस्तान्तरण गरेको देखिन्छ।पालिकाले स्टिल पाट्र्स उपलब्ध गराएको केराबारी झोलुङ्गे पुल उपभोक्ता समितिसँग सम्झौता भएको विवरण तथा कागजात प्राप्त हुन सकेन। साथै,कार्यालयले खरिद गरेको स्टिल पार्टस जिन्सि दाखिला गरी हस्तान्तरण समेत भएको देखिएन।यसरी पालिकाले स्पष्ट लागत साझेदारी तथा स्रोत सुनिश्चित सहित लागत अनुमान तयार गरी उपभोक्ता समितिसँग सम्झौता भएको प्रमाण सहित हस्तान्तरण भएको रु ९,९०,१८०। बराबरको स्टिल पाट्र्स प्रयोगमा आएको प्राविधिक पुष्ट्याई सहितको प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	९,९०,१८०

५४.२ पालिकाले झोलुङ्गे पुल क्षेत्र विकास कार्यक्रम अन्तर्गत आ.व. २०७९।८० मा धङ्सुवा खोला जलजले झोलुङ्गे पुल उ.स. फेदाप ३ लाई रु ३,४६,६२२। र दोभान झो.पु. उपभोक्ता समिति फेदाप ५ लाई रु ७,११,६६३। पेश्कि भुक्तानी दिएको पाईयो।यसरी उपभोक्ता समितिलाई भुक्तानी गरेको पेश्कि आ.व २०८०।८१ र २०८१।८२ मा अल्या गरी पेश्कि विवरण अद्यावधिक गरेको देखिएन।साथै पेश्कि भुक्तानी भएको झोलुङ्गे पुलको सम्झौता अनुरुप भौतिक प्रगति समेत भएको देखिएन।यसरी २ आर्थिक वर्ष व्यतित भईसक्दा समेत निर्माण कार्यमा प्रगति नहुनु तथा पेश्कि रकम समेत पालिकाको २ आर्थिक वर्षको वित्तिय विवरणका साथै अन्य श्रेस्तामा अद्यावधिक नभएको देखिन्छ।यसर्थ पालिकाले धङ्सुवा खोला झोलुङ्गे पुलको पेश्कि रु ३,४६,६२३। को वार्षिक १० प्रतिशतले २ वर्षको जरिवाना रु ६९३२५ समेत रु ४१५९४८। र दोभान झो पु उपभोक्ता समितिको पेश्कि रु ७११६६३। को २ वर्षको वार्षिक १० प्रतिशतले जरिवाना समेत रु ८५३९९६। गरि रु १२६९९४४. असुल गर्नुपर्ने रु

पेश्की	१२,६९,९४४

५५ **सुरक्षित नागरिक आवास कार्यक्रम**

५५.१ सुरक्षित नागरिक आवास कार्यविधी, २०७५ को दफा ३ अनुसार लक्षित वर्गको पहिचान पश्चात दफा ५(४) बमोजिम स्थानीय तहसँग सम्झौता गरी पहिलो किस्ता बापत साठी प्रतिशत रकम उपलव्ध गराइने र उक्त रकम लाभग्राहिले जस्तापाता र काठ लगायतको सामाग्री खरिद गरी निर्माण कार्य अगाडी बढाउन खर्च गर्नुपर्ने र निर्माण सम्पन्न भएको प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा वाँकी ४० प्रतिशत रकम दोस्रो किस्तामा उपलव्ध गराउने व्यवस्था रहेको छ। पालिकाले सम्झौता भएको २१३ लाभग्राहि मध्ये २१२ लाभग्रहिलाई पहिलो र दोस्रो किस्ता उपलब्ध गराई १ जना लाभग्राहिले मात्र दोस्रो किस्ता लिन बाँकि देखिन्छ। पालिकाले अनुदानको प्रभावकारीताको सम्वन्धमा अनुगमन मुल्यांकन गरी बाँकि १ लाभग्राहिको आवास निर्माण कार्य सम्पन्न गर्नेतर्फ ध्यान दिनुका साथै सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत छनौट भएको ३१५ जना लाभग्राहि मध्ये बाँकि १०२ जना लाभग्राहिलाई सुरक्षित नागरिक आवास कार्यक्रममा आवद्ध गर्नेतर्फ ध्यान दिनुपर्दछ।

५५.२ सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत यस वर्ष पालिकालाई रु १,१५,००,०००।प्राप्त गरेकोमा पालिकाले १० लाभग्राहिलाई दोस्रो किस्ता वापत रु ३,००,०००।, ४२ लाभग्राहिलाई पहिलो र दोस्रो किस्ता वराबर रु ३१,५०,०००। र १ लाभग्राहि लाई पहिलो किस्ता बरावर रु ४५०००। गरी रु ३४,९५,०००।खर्च लेखेको छ।पालिकाले यस वर्ष २०८२।०३।२२ मा प्राप्त गरि खर्च नभएको रु ८०,००,०००। गाउँ कार्यपालिकाको मिति २०८२।०३।२३ को निर्णयअनुसार पालिकाको विविध खर्च खातामा ट्रान्सफर गरेको

पाईयो।पालिकाले सुरक्षित नागरिक आवास कार्यक्रमको लागि थप नयाँ ३४५ लाभग्राही पहिचान गरि ३१९ लाभग्राहिसँग आवास निर्माणको सम्झौता गरेको विवरण उपलब्ध गराएको छ।यसर्थ सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत प्राप्त गरेको बजेट कार्यक्रमको उद्येश्य र शर्त अनुसार खर्च गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा संघिय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	८०,००,०००

५६ **विपद् प्रभावित नीजि आवास**

मनसुनजन्य विपद प्रभावित निजी आवास पुननिर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०८१ को दफा ६ अनुसार पुननिर्माणका लाभग्राहिले नीजि आवास पुननिर्माणको लागि क्षतिको यथार्थ प्राविधिक मुल्याङ्कनका आधारमा पहाडि जिल्लामा बढिमा ४ लाख रुपैयाँ तीन किस्तामा दिन सकिने र सम्झौता हुनासाथ पहिलो किस्ता वापत रु ५००००। उपलब्ध गराउन सकिने व्यवस्था उल्लेख छ।सोहि कार्यविधिको संघीय सरकारको ५० प्रतिशत,प्रदेश सरकारको ३० प्रतिशत र पालिकाको २० प्रतिशत लागत साझेदारी व्यवस्था पालिकाले १३ आगलागि पिडित लाभग्राहिलाई पहिलो किस्ता वापत संघीय सरकार तर्फको रु २५,०००।, प्रदेश सरकारतर्फको रु १५,०००। र स्थानीय तर्फको रु १०,०००।हुनुपर्नेमा रु १३०००। गरी प्रति लाभग्राहि रु ५३०००।पेश्कि दिएको छ।गाउँपालिकाले पहिलो किस्ता वापत कार्यविधिमा उल्लेख भएको भन्दा बढि प्रति लाभग्राहि रु ३०००। बढि हुने गरी पहिलो किस्ता वापत भुक्तानी गरेकोमा प्रति लाभग्राहि रु ३८०००। ले रु ४९४०००। पेश्कि रहेको पाईयो।अत: पेश्कि बाँकि फछ्यौंट गर्नुपर्ने रु

पेश्की	४,९४,०००

५७ **HDPE पाईप, Polythene Tank र मिनी टिलर अनुदान**

५७.१ पालिकाले यस वर्ष अनुदान कार्यक्रम अन्तर्गत तपशिल बमोजिम मिनिटिलर, ड्रम तथा पाईप खरिद गरि वितरण गरेको छ।

क्र सं	विवरण	परिमाण	आपूर्तिकर्ता	लागत अनुमान	सम्झौता रकम
१	HDPE पाईप र HDP पोलिथिन ट्याङ्क	१२०००० लिटर ट्याङ्कि / १७९५।५ केजि पाईप	जातेली ब्रदर्श	२८८८४८४।	१८९३९१५।
२	मिनि पावर टिलर	५४ वटा	जय अजिमा ट्रेडर्श	४०५००००।	२२१५६३६।
			जम्मा	**६९३८४८४।**	**४१०९५५१।**

यस सम्बन्धमा देखिएको व्यहोरा तपशिल बमोजिम छन:

सामाग्रीको खरिदको लागत अनुमान

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा मालसामानको लागत अनुमान सम्वन्धी व्यवस्था गरिएको छ।मालसामान खरिदमा ओभरहेड दिन मिल्ने कानूनी व्यवस्था देखिँदैन।पालिकाले लागत साझेदारीमा वितरण प्रयोजनार्थ HDPE पाईप र HDP पोलिथिन ट्याङ्क खरिदको लागि १२०००० लिटर वरावरको पानी ट्याङ्कि र १७९५।५० के.जि पाईप खरिदको ओभरहेड र मु.अ.कर समेत रु २८८८४८४। बराबरको लागत अनुमान बनाई ठेक्का आव्हान गरेको छ।यसरी सामाग्रीको यथार्थ लागत अनुमान रु २५११७२५।(मु अ कर समेत) हुनेमा रु ३७६७५९। ले लागत अनुमानमा वृद्धि भएको छ।यसरी लागत अनुमानमा बढोत्तरी भई यथार्थ दर भन्दा बढि दरमा खरिद हुने जोखिम समेत रहन्छ।यसर्थ, पालिकाले यसमा सुधार गर्नुपर्दछ।

५७.२ **अनुदान वितरणको कार्यविधि**

पालिकाले खरिद गरिएका HDPE पाईप र HDP पोलिथिन ट्याङ्क विभिन्न व्यक्तिलाई पालिकाको ७० प्रतिशत र व्यक्तिको ३० प्रतिशत नगद लागत साझेदारी हुने गरी वितरण गरेको छ भने मिनी पावर टिलर ५०/५० प्रतिशत नगद साझेदारी हुने गरी वितरण गरेको छ। यसरी अनुदान वितरण गर्दा कार्यविधि वेगर कार्यपालिकाको निर्णयको आधारमा कार्यक्रम संचालन गरेको पाईयो।यसर्थ, पालिकाले कार्यविधि बनाई स्पष्ट कानूनी आधार तय गरी कानूनको परिधि भित्र रहि अनुदान कार्यक्रम संचालन गर्नुपर्दछ।

५७.३ **लाभग्राहिको अभिलेख:**

पालिकाले कृषि तथा पशुपालनमा संलग्न कृषकको उद्यमशीलतालाई प्रोत्साहन गर्न तथा कृषकहरुको आयस्तर वृद्धी गर्नका लागि कृषि अनुदान उपलब्ध गराएको देखिन्छ। पालिकाले अनुदान प्राप्त गर्नेलाभग्राहिको अभिलेख विवरण अद्यावधिक नगरेकोले वास्तविक र अनुदान पाउन योग्य किसानहरुले नै पाएको छ भन्नसक्ने अवस्था रहेको दैखिँदैन।पालिकाले कृषकहरुको विवरण अद्यावधिक गरी कृषि तथा पशुपालन अनुदान प्रक्रियालाई अनुदानग्राहिमैत्री बनाउनु पर्दछ।

५७.४ **अनुदानमा कार्यक्रममा एकरुपता:**

पालिकाले एकै प्रकृतीका अनुदान कार्यक्रममा समेत एकरुपता भएको देखिदैन।उपरोक्त बमोजिम पालिकाले खुला बोलपत्रको माध्यमबाट प्रतिस्पर्धी दरमा सामाग्री खरिद गरि अनुदानग्राहिसँग लागत साझेदारी गरि वितरण गरेको छ भने कतिपय अवस्था लागत अनुमानको शतप्रतिशत उपभोक्ता समितिसँग सम्झौता गरी उपभोक्ता समितिको १० देखि ३० प्रतिशतसम्म लागत साझेदारी हुने गरी उपभोक्ता समिति मार्फत खरिद गरि उपभोक्ता समितिलाई भुक्तानी गरेको छ।यसरी कार्यालयले खुला बोलपत्रको माध्यमबाट खरिद गर्दा पालिकाले लागत अनुमानको तुलनामा मिनि पावर टिलर ४५ प्रतिशत घटिमा र पाईप तथा ट्याङ्कि ३४ प्रतिशत घटिमा प्राप्त गरेको छ भने उपभोक्ता समितिबाट सम्झौता गरि खरिद गर्दा लागत अनुमानको शतप्रतिशत दरमा खरिद भएको देखिन्छ।यसर्थ, पालिकाले खुला बोलपत्रको माध्यमबाट खरिद गरी वितरण गर्दा पालिकाका साथै अनुदानग्राहिको योगदानको भार किफायती हुने देखिन्छ।अत: अनुदानको प्रकृतिमा एकरुपता कायम गरी निश्चित मापदण्ड तयार गरी अनुदान वितरण गर्नुपर्ने देखिन्छ।केहि व्यहोरा:

भौ.नं. मिति	**विवरण**	**लागत अनुमान**	**सम्झौता रकम**	**उ स अंश**	**भुक्तानी रकम**	**उ स योगदान**
१३४ २०८२।०३।१३	ड्रम तथा पाईप खरिद उ स फेदाप ५	२७४५३३।	२७४५३३।	३७०३३।	२३७५००।	१३%
१३६ २०८२।३।१५	ड्रम खरिद फेदाप १ उ स	१६७५८१।	१६७५८१।	२५०८१।	१४२५००।	१५%
७४ २०८२।०१।१६	HDPE ट्याङ्कि खरिद तथा वितरण	२९६८५६।	२९६८५६।	१०६८५६।	१९००००।	३०%

५७.५ **अनुदानको अनुगमन** - सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनीकिरण एवं अनुगमन हुनु पर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन बनाउनुपर्दछ। अनुगमन प्रभावकारी बनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ।कार्यालयले खरिद गरेको रु ४१,०९,५५१।बरावरको १७९५।५० मिटर पाईप, १२०००० लिटर ट्याङ्किर ५४ मिनि टिलर वितरण गरेको छ। यसरी वितरण गरेको अनुदान वितरण पश्चात कार्यक्रमको उद्येश्य अनुरुप अनुदानको सदुपयोग भएको हो होईन एकिन गर्न सक्ने गरी अनुगमन मुल्याङ्कन नभएकोले अनुदानको प्रभावकारी रुपमा प्रयोग हुने विषयमा आश्वस्त हुने आधार देखिँदैन।यसर्थ, पालिकाले कार्यक्रमको उद्येश्य अनुरुप अनुदान सदुपयोग भए/नभएको,लाभ लागत विश्लेषण तथा प्राप्त उपलब्धी यकीन हुने गरी लागत मध्ये पालिकाको योगदान भएको पाईप तथा ट्याङ्कि र मिनि पावर टिलर खरिद रु.४१,०९,५५१ को अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	४१,०९,५५१

५८ **सफ्टवेर खरिद**

मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ।पालिकाले निम्नानुसारको सफ्टवेयर खरिद गरेकोमा सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत लिएको देखिदैन।अत:पालिकाले निर्देशिकाले गरेको व्यवस्थाको परिपालना गर्नुका

ै

साथै source code, password management, security feature,annual maintenance लगायतका पक्षमा ध्यान दिई प्रभावकारी सुचना प्रविधि प्रणाली व्यवस्थापन तर्फ ध्यान दिनुपर्दछ।

भौचर	सफ्टवेरको नाम	सफ्टवेयर विकास कर्ता	भुक्तानी
२०७ २०८१।१२। २२	System Development of Hospital Management System	श्री नेशनल इन्कुवेसन एण्ड रिसर्च सेन्टर प्रा लि	रु.४,९२,४५४।

५९ **साना सिँचाई योजना**

५९.१ पालिकाले साना सिंचाई आयोजना अर्न्तगत स्विस सरकारको ३० प्रतिशत, संघिय सरकारको २० प्रतिशत, प्रदेश सरकारको २० प्रतिशत, पालिकाको २० प्रतिशत र उपभोक्ता समितिको १० प्रतिशत हुने गरी सम्झौता गरेको ६ वटा साना सिंचाई आयोजना मध्ये तपशिल बमोजिममा ५ योजना सम्पन्न गरेको छ।

क्र स	योजनाको नाम	स्वीस सरकारबाट	संघीय सरकारबाट	प्रदेश सरकारबाट	स्थानीय सरकारबाट	जम्मा	सम्झौता रकम
१	ढोडे आम्बोटे कुलो सिंचाइ योजना	१०२४०००	११३७७०२	१७२१०००	१३४९०००	५२३१७०२	५८३११३९।९१
२	पैरे रजा तिनतले कुलो सिंचाइ योजना	८९६१४२	६४८०००	६१९०००	६१९२३१	२७८२३७३	३०७७५४३।५८
३	साबेवा खोला कामरुङ बोझे कुलो सिंचाइ योजना	९१५१५०	११४७८४७	७८३२१३	१२०४४३१	४०५०६४१	४३३५३४१।५५
४	सिगाप्ला घङसुवा ढुँगेबेशी छलाङ्गे कुलो सिंचाइ योजना	६७९०००	५८६४४८	१५३२०	१०६६१४०	२३४६९०८	२४३०९२४।७७
५	रिथा खोला नामिता कुलो सिंचाइ योजना	१५७२००३	१०४८००२	१०४३०५२	६६५८४९	४३२८९०६	५२४००११।१३
कुल खर्च		**५०८६२९५**	**४५६७९९९**	**४१८१५८५**	**४९०४६५१**	**१८७४०५३०**	**२०९१४९६०।९४**
खर्च प्रतिशत		**२४।३२**	**२१।८४**	**२०।००**	**२०।००**	**८६।१६**	

यस सम्बन्धी देखिएका व्यहोरा तपशिल बमोजिम रहेका छन:

५९.२ पालिकाले स्विस सरकार,संघ,प्रदेश र स्थानीय तह बीच तोकिए बमोजिमको लागत साझेदारीको स्रोत सुनिश्चित गरी सम्झौता गरेको अवस्थामा स्वीस सरकारबाट सम्झौता भन्दा घटि निकासा प्राप्त गरेको छ।यसर्थ, स्वीस सरकारबाट सम्झौता अनुसार घटि प्राप्त भएको ५।६८ प्रतिशतले हुने रु ११८७९६९। सोधभर्ना लाई हिसाव मिलान गरेको प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	११,८७,९६९

५९.३ साबेवा खोला कामरुङ्ग सिंचाई योजनाको प्राविधिक मूल्याङ्कन अनुसार अन्तिम मूल्याङ्कन रु ४३३४२९६।१२ कायम भई उपभोक्ता समितिको योगदानको अंश कट्टा गरी रु ३७३७२७८।८६ भुक्तानी गर्नु पर्नेमा पालिकाले रु ३८०५४९१। भुक्तानी गरेकोले रु ६८२१२। बढि भुक्तानी भएकोले असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	६८,२१२

६० **उपभोक्ता समितितर्फ**

६०.१ उपभोक्ता समिति छनौट

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (क)मा रु १ करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धि सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति,परिमाण लाग्ने रकम उपभोक्ता समिति वा लाभग्राहि समुदायले व्योहोर्ने वा बेहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाइ सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरीप्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आंफैले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ।तर कार्यालयले यस बर्ष उपभोक्ता समितिबाट कार्य गराउंदा सम्झौताबाहेक सम्झौता पूर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय,लागत र गुणस्तरमा असर पर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीमा भएको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनुपर्दछ।

६०.२ रोजगारी सिर्जना नहुने काम उपभोक्ता समितिबाट

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ । यसका अतिरिक्त सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा जटिल प्रकृतिका कार्य उपभोक्ता समितिमार्फत गराउन नहुने उल्लेख छ। यस पालिकाले शतप्रतिशत निर्माण कार्य डोजर प्रयोग गरेर सम्पन्न गर्ने सडक निर्माणको काम समेत उपभोक्ता समिति मार्फत सम्पन्न गराएको छ जसमा विभिन्न निर्माण व्यवसायीका उपकरण प्रयोग गरीएको छ। यसरी उपभोक्ता समितिमार्फत काम गराउँदा प्रतिस्पर्धा नभई मितव्ययी नहुने, प्राविधिक ज्ञानको अभावमा कामको गुणस्तर पक्ष कमजोर रहने, पूर्ण रुपमा मेशिन प्रयोग गरी कार्य गराउँदा रोजगारी श्रृजना नहुने अवस्था देखिँदा यसरी गरेको कार्य ऐनमा भएको व्यवस्थाको प्रतिकुल रहेको देखिन्छ।निर्माण कार्यको गुणस्तर र दिगोपना सुनिश्चित गर्नुका साथै रोजगारी सिर्जनाको सुनिश्चितता गर्न यस किसिमका कार्य नियन्त्रण गर्न पालिकाले ध्यान दिनुपर्दछ।

केहि व्यहोरा:

भौ नं मिति	योजना	लागत अनुमान	कार्यसम्पन्न रकम	मेसिन प्रयोग विल
७२ २०८२।०१।१५	साविक सिम्ले ८ देखि महभिर हुदै पाठशाला जोड्ने सडक	२०४९९६।	२२४७३९।	२०४७५०।
८९ २०८२।२।८	ताक्किम पुछारबाट असुवा दोभान ट्याक खोल्ने काम	४३२६८८।	४३२४००।	३८४०११।
१०३ २०८२।२।२७	तिरिङ्ग तोरिवारी सडक साविक ईसिबु	२१५९६८।	२०६५७२।	२०६५७२।

६०.३ मेसिन प्रयोग भएकोमा नालिको काम मानिसबाट

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा मालसामान स्थलगत रुपमा उपलव्ध हुने वा नहुने अध्ययन गरी दररेट निर्धारण समितिले तोकेको दरमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। कार्यालयले उपभोक्ता समितिबाट निर्माण कार्य गराएका केहि सडक योजनाको नमुना छनौँट गर्दा तपशिल बमोजिमका योजनामा मेसिन प्रयोग गरी बाटो खनेकोमानालीको काममा मानिस प्रयोग गरेको देखाई भुक्तानी दिएको छ। नरम र कडा माटो खन्ने काम मेशिनवाट गर्दा नालाको काम मानिसबाट नै भएको हो भन्ने स्पष्ट आधार देखिदैन। यसर्थ कार्यालयले मानिसबाट नै हुने अवस्थाको एकिन गरी लागत अनुमान तयार गरी उपभोक्ता समितिसँग सम्झौता गर्नुपर्दछ।केहि व्यहोरा:

भौ नं मिति	योजना	कार्यसम्पन्न रकम	मेसिन प्रयोग विल	म्यान्युयलबाट नालीको काम	दर	रकम
७२ २०८२।०१।१५	साविक सिम्ले ८ देखि महभिर हुदै पाठशाला जोड्ने सडक	२२४७३९।	२०४७५०।	३५।३३	५५८।७७	१९७४२
८९ २०८२।२।८	ताक्किम पुछारबाट असुवा दोभान ट्याक खोल्ने काम	४३२४००।	३८४०११।	७२	६७२।०७	४८३८४

६०.४ दररेट विश्लेषण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कार्यकोलागतअनुमान तयार गर्दा सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेका कुराहरु तथा लागत अनुमान तयार गर्ने सिलसिलामा सिमेन्ट,वालुवा,गिट्टि, फलामे डण्डी, ईटा, ढुङ्गा, माटो, कर्कटपाता, विटुमिन तथा इमल्सन, इन्धन, पोलिथिन पाइप, जी.आई पाइप, विजुलीका सामान, जी-आई वायर यस्तै निर्माण सामाग्रीको दरभाउ, मेशिन तथा उपकरणको भाडा वा कामदारको ज्याला निर्धारण गर्दा दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा रेट कायम गरी आयोजनाको कूल लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ।कार्यालयले दररेट विश्लेषण गर्दा मुल्य अभिवृद्धि कर योग्य निर्माण सामाग्री खपत हुने अवस्थामा मात्र मुल्य अभिवृद्धि कर सहितको निर्माण सामाग्रीको दररेट कायम गर्नुपर्दछ। यस पालिकालेउपभोक्ता समितिबाट डोजर तथा टिप्पर प्रयोग भई निर्माण सम्पन्न गरेको केहि योजना नमुना छनोट गरि परिक्षण गर्दा पालिकालले डोजर र टिप्परको सडक विभागको नर्म्स(Spec.Cl.no.905) बमोजिम प्रति घण्टा दर निर्धारण गर्दा ईन्धनको दर प्रति लिटर रु १७५।(ढुवानी र मु अ कर समेत) लिई विश्लेषण गर्दाडोजरको रु ३५७०। र टिप्परको रु १४१०। कायम भएकोमा पुन: १३ प्रतिशत थप डोजरको रु ४०३४। र टिप्परको रु १६४३।को दरले लागत अनुमान तयार,प्राविधिक मुल्याङ्कन एवं भुक्तानी भएको छ। कार्यालयले यस आ व मा खरिद गरेको डिजलको अधिकतम दर १६०(मु अ कर समेत) लाई आधार मान्दा डोजरको प्रति घण्टा दर रु ३४९६।(मु अ कर समेत) र टिप्परको रु १३४२।(मु अ कर समेत) हुने देखिन्छ।यसरी यथार्थ दरमा सबै प्रकारका नरम माटो कटिङ्ग तथा १००० मिटरसम्म ढुवानीको प्रति घ मि दर रु १२५।३६, नरम माटो कटिङ्ग प्रति घ मि रु ५८.२७, नरम चट्टानको प्रति घ मि रु १७४।८० र कडा चट्टान प्रति घ मि रु १३११। कायम हुनेमा कार्यालयले यस भन्दा बढि हुने गरी दररेट विश्लेषण गरेको छ।यसरी तपशिल बमोजिम रु ३,४३,०३६। बढि भुक्तानी भएको छ।यसर्थ बढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु

भौ नं मिति	योजना	कामको विवरण	परिमाण	मुल्याङ्कन दर	हुनुपर्ने दर	फरक दर	बढि भुक्तानी
९ २०८१।१०।२२	कवर्डहल निर्माण	सबै प्रकारको माटो कटिङ्गगरि १ किमिमा डिस्पोजल	८०६.४०	१४९.३९	१२५.३६	२४	
३१ २०८१।११।१३	याङसिला हुदै सिम्रा गुफासँग जोड्ने सडक	सबै प्रकारको माटो कटिङ्ग	३४६१.४८	६७।२४	५८.२७	८.९७	१९३५३
		नरम चट्टान	१४०।९३	१७४.८०	२०१.७१	२६.९१	३४८५३
५० २०८१।१२।१३	असुवा सुन्तले सडक निर्माण	सबै प्रकारको माटो कटिङ्ग	३६०५.४९	६७।२४	५८.२७	८.९७	
		नरम चट्टान	१८०.६६	१७४.८०	२०१.७१	२६.९१	३७२०२
६५ २०८१।०१।०५	ईसिवु बाटो सरसफाई	सबै प्रकारको माटो कटिङ्ग	१९९४.७०	६७।२४	५८.२७	८.९७	
		कडा चट्टान	१०९.८२	१५३८	१३११	२२७	४२८२२
७२ २०८२।०१।०५	साविक सिम्ले ८ देखि महभिर हुदै पाठशाला सडक	सबै प्रकारको माटो कटिङ्ग	२३८३.३५	६७।२४	५८.२७	८.९७	
		नरम चट्टान	२२१.८७	१७४.८०	२०१.७१	२६.९१	२७३४९
८९ २०८२।०२।०८	ताक्किम पुछारबाट असुवा दोभान ट्याक खोल्ने काम	सबै प्रकारको माटो कटिङ्ग	१९२३.२६	६७।२४	५८.२७	८.९७	
		नरम चट्टान	१२६२।७४	१७४.८०	२०१.७१	२६.९१	५१२३१
९७ २०८२।०२।२३	मजुवा खेलमैदान स्तरोन्नति	सबै प्रकारको माटो कटिङ्गगरि १ किमिमा डिस्पोजल	२४५६.६४	१४९.३९	१२५.३६	२४	
		सबै प्रकारको माटो कटिङ्ग	१०५२.८५	६७.२४	५८.२७	८.९७	
		नरम चट्टान	२१४.६३	१७४.८०	२०१.७१	२६.९१	७४१८०
१३९	वडा नं ४ जाने बाटो निर्माण तथा मर्मत	सबै प्रकारको माटो कटिङ्ग	१६९७.३५	६७.२४	५८.२७	८.९७	
		नरम चट्टान	२२५.२१	१७४.८०	२०१.७१	२६.९१	२१२८५
१६१	जामुने च्यानडाँडा सडक निर्माण तथा विस्तार	सबै प्रकारको माटो कटिङ्ग	३२२५.६५	६७.२४	५८.२७	८.९७	
		नरम चट्टान	२१६.५६	१७४.८०	२०१.७१	२६.९१	३४७६१

				जम्मा	**३४३०३६**

असुल गर्नुपर्ने	३,४३,०३६

६०.५ **बढि परिमाण मुल्याङ्कन**

भौ.नं. १०५, २०८२।०२।२९ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ।यस पालिकाले समितिसँग सम्झौता गरी निर्माण सम्पन्न गरेको वि.पि. स्मृति भवन निर्माणकोकार्यको आईटम नं ३.२ को सिमेन्ट कङ्क्रिटको काम (१:१.५:३) को यथार्थ परिमाण ४२.४८ घ.मि. रहेकोमा ४९.०६ घ.मि. मूल्याङ्कन गरी भुक्तानी दिएको छ।यसरी ६.७६ घ.मि. को प्रति घ.मि. रु २०८७३।७६ को दरले रु १,४१,१०७। बढि भुक्तानी भएको छ।यसर्थ, बढि भुक्तानी भएको असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	१,४१,१०७

६०.६

जडान वेगरको खपत

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **५२७,१२३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

६१ **ईन्टरनेट विस्तार तथा तार जडान**

आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व ऐन**,** २०७५ को नियम ३५(२) मा खर्च गर्ने वा खर्चको निकासा दिने अधिकारीले खर्च गर्नुपूर्व उक्त जिम्मेवारी आफ्नो कार्य क्षेत्रभित्रको हो होइन एकिन गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ।पालिकाले तपशिल बमोजिम ईन्टरनेट सेवाको लागि ईन्टरनेट जडान तथा तार विस्तार कार्यको लागि उपभोक्ता समितिसँग रु ८,६१,८५०। सम्झौता गरी रु ७,५७,५००। भुक्तानी गरेको छ।यस सम्वद्ध फाँटवारी परीक्षण गर्दा धुमबाराहि काठमाडौँमा केन्द्रिय कार्यालय रहेको नेपालको निजि क्षेत्रको ईन्टरनेट सेवा प्रदायक वेब सर्भरको ईन्टरनेट सेवा विस्तार र तार जडान कार्यको वेब सर्फरको स्थानीय प्रतिनिधि फेदाप एयर लिङ्क एण्ड कम्प्युनेसन मार्फत काम भएको देखिन्छ।यसरी निजि तथा नाफामुलक संस्थाको सेवा विस्तारमा पालिकाले लगानी गर्नु एकातर्फ प्रचलित कानूनी व्यवस्थाको प्रतिकुल देखिन्छ भने अर्को तर्फ निजि कम्पनीको ईन्टरनेट सेवा उपयोगको स्थानीय उपभोक्ताले तोकिएको शुल्क तिरेको सम्झौताबाट ईन्टरनेट सेवा प्रदायकले सहुलियत समेत प्रदान गरेको देखिदैन।अत:पालिकाले प्रचलित कानूनी व्यवस्था विपरीत असम्बन्धित तथा नाफामुलक निजि संस्थाको सेवा विस्तारमा खर्च गर्नु उपयुक्त देखिएन।पालिकाले यसमा सुधार गर्नुपर्दछ।

भौ नं मिति	विवरण	ईन्टरनेट प्रदायक	ईन्टरनेट सेवा	कार्यसम्पन्न रकम	बजेट खर्च
८४ २०८२।०१।२४	फेदाप ४ सहकारी,विद्यालय तथा संस्थामा फाईबर नेट तार जडान तथा विस्तार	फेदाप एयर लिङ्क एण्ड कम्युनिकेसन	वेब सर्भर	४८२४००।	४२७५००।
१४९ २०८२।०३।१८	याङखु बाँझिगरा सिम्ले ७ ईन्टरनेट तार विस्तार तथा जडान	फेदाप एयर लिङ्क एण्ड कम्युनिकेसन	वेब सर्भर	२१५५००।	१९००००।
१५० २०८२।०३।१८	खड्कवारी देखि तामे हुदै भोगटेनी आसपास ईन्टरनेट तार जडान तथा विस्तार	फेदाप एयर लिङ्क एण्ड कम्युनिकेसन	वेब सर्भर	१६३९५०।	१४००००।
			जम्मा	**863850**	**757500**

६२ **डीजिटल बोर्ड र सि सि टिभी क्यामेरा खरिद**

सार्वजनिक खरिद ऐनको नियम ५क मा सार्वजनिक निकायको प्रमुखले कुनै मालसामान खरिद गर्नु अघि स्पेशिफिकेसन, योजना, डिजाईन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नु वा गराउनुपर्ने उल्लेख छ। गो भौ नं ३२३/ २०८२।०३।२१ संस्थागत क्षमता विकास र सेवा प्रवाहको सुदृढीकरण अन्तर्गत जिन र टेक्नोलोजि प्रा लि लाई डीजिटल बोर्ड १ र सि सि टिभी क्यामेरा जडान गरी रु ९८९२२०। भुक्तानी भएको छ।संलग्न फाँटवारी परीक्षण गर्दा पालिकाबाट खरिद गरि पालिकालाई प्राप्त भएको सामाग्री तोकिए बमोजिमको स्पेशिफिकेसन अनुसार भए नभएको एकिन हुने गरि सम्बन्धित विषय विज्ञबाट पोष्ट डेलिभरि ईन्स्पेक्सन गरेको देखिएन। अत:पालिकाले निर्धारित स्पेशिफिकेसन अनुसार प्राप्त गरेको पुष्ट्याई सहितको पोष्ट डेलिभरि ईन्सपेक्सन रिपोर्ट पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	९,८९,२२०

६३ **बढी दररेट**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कार्यकोलागतअनुमान तयार गर्दा सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेका कुराहरु तथा लागत अनुमान तयार गर्ने सिलसिलामा सिमेन्ट,वालुवा,गिट्टि, फलामे डण्डी, ईटा, ढुङ्गा, माटो, कर्कटपाता, विटुमिन तथा इमल्सन, इन्धन, पोलिथिन पाइप, जी.आई पाइप, विजुलीका सामान, जी-आई वायर यस्तै निर्माण सामाग्रीको दरभाउ, मेशिन तथा उपकरणको भाडा वा कामदारको ज्याला निर्धारण गर्दा दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा रेट कायम गरी आयोजनाको कूल लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ।कार्यालयले दररेट विश्लेषण गर्दा मुल्य अभिवृद्धि कर योग्य निर्माण सामाग्री खपत हुने अवस्थामा मात्र मुल्य अभिवृद्धि कर सहितको निर्माण सामाग्रीको दररेट कायम गर्नुपर्दछ। यस पालिकाले विभिन्न निर्माण व्यवसायीबाट डोजर तथा टिप्पर प्रयोग भई निर्माण सम्पन्न गरेको केहि योजना नमुना छनोट गरि परिक्षण गर्दा पालिकालले डोजर र टिप्परको सडक विभागको नर्म्स(Spec.Cl.no.905) बमोजिम प्रति घण्टा दर निर्धारण गर्दा ईन्धनको दर प्रति लिटर रु १७५।(ढुवानी र मु अ कर समेत) लिई विश्लेषण गर्दाईन्धनको मुल्यमा दोहोरो मु अ कर गणना गरी लागत अनुमान तयार,प्राविधिक मुल्याङ्कन एवं भुक्तानी गरेको छ।कार्यालयले यस आ व मा खरिद गरेको डिजलको अधिकतम दर १६०(मु अ कर समेत) लाई आधार मान्दा डोजरको प्रति घण्टा दर रु ३०९५।(मु अ कर बाहेक) र टिप्परको रु ११८८।(मु अ कर बाहेक) हुने देखिन्छ।यसरी यथार्थमा सबै प्रकारका नरम माटो कटिङ्ग तथा १००० मिटरसम्म ढुवानीको प्रति घ मि दर रु १३६।५०, नरम माटो कटिङ्ग प्रति घ मि रु ६७।, नरम चट्टानको प्रति घ मि रु २०१। र कडा चट्टान प्रति घ मि रु १५०७।५० ओभरहेड र मु अ कर सहित कायम हुनेमा कार्यालयले यस भन्दा बढि हुने गरी दररेट विश्लेषण गरेको छ।यसरी तपशिल बमोजिम तपशिल बमोजिमका निर्माण व्यवसायीलाई रु १,९५,९७९। बढि भुक्तानी भएको छ।यसर्थ, बढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु

भौ नं मिति	योजना	निर्माण व्यवसायी	कामको विवरण	परिमाण	सम्झौता दर(ओभरहेड र मु अ कर समेत)	हुनुपर्ने अधिकतम दर(ओभरहेड र मु अ कर समेत)	फरक दर	बढि भुक्तानी
२५ २०८१।११।११	झुलडाँडाबाट सिम्रा गुफा जोड्ने ट्याक खोल्ने काम	साक्फारा निर्माण सेवा	सबै प्रकारको माटो कटिङ्ग	३३३४।६८	७५।७१	६७	८।७१	५७५२९
			नरम चट्टान कटिङ्ग	२५१।५२	२२३।७४	२०१	२२।७४	
			कडा चट्टान कटिङ्ग	१००।२८	१७३४।५५	१५०७।५०	२२७	
६५ २०८२।०१।०५	ईसिबु बाटो निर्माण सरसफाई	टि एम जे निर्माण सेवा	सबै प्रकारको माटो कटिङ्ग	१९९४।७०	७४।५८	६७	६।५८	३८०५४
			कडा चट्टान कटिङ्ग	१०९।८२	१७३७।९०४	१५०७।५०	२२७	
१८१ २०८२।०३।२४	सम्दु पौँठाक जोड्ने ट्याक ओपन फेदाप ४	प्रत्यग्र बिल्डर्श	सबै प्रकारको माटो कटिङ्ग	५५५०।२५	७५।७१	६७	८।७१	७०२०३
			नरम चट्टान कटिङ्ग	८०२।१५	२२८।२६	२०१	२७।२६	
१८६ २०८२।०३।२४	शिरुपति गुफा हुदै भट्टराई गाउँ जाने सडक निर्माण	डि बि लामिछाने कन्स्ट्रक्सन	सबै प्रकारको माटो कटिङ्ग	२८३०।१८	७५।७१	६७	८।७१	३०१९३
			नरम चट्टान कटिङ्ग	१९५।२२	२२९।३९	२०१	२८।३९	
					जम्मा			**१९५९७९।**

असुल गर्नुपर्ने	१,९५,९७९

६४ **धरौटि कट्टि नभएको**

सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम १२४ मा अन्तिम भुक्तानी दिँदा निर्माण कार्यको ५ प्रतिशत धरौटी कट्टा गरी राख्नुपर्नेउल्लेख छ।पालिकाले देहायका निर्माण कार्यको अन्तिम भुक्तानी दिँदा धरौटी रु २१३९७२। कट्टा गरी नराखेको देखिएकोले धरौटि वापतको रकम सम्बन्धित निर्माण व्यवसायीबाट धरौटि खातामा दाखिला गर्नुपर्ने रु

भौ नं मिति	योजना विवरण	निर्माण व्यवसायी	भुक्तानी (मु अ कर बाहेक)	धरौटि रकम
१७८ २०८२। ०३।२४	असुवा च्यानेबाट ग्राम सुधार मा वि हुदै पेत्वारे सडक स्तरोन्नती	सुमित मित्र कन्स्ट्रक्सन प्रा लि	८६८७८२।३	४३४३९। १२
१७९ २०८२। ०३।२४	मध्यपहाडि लोकमार्ग बाट ईसिबु स्वास्थ्य चौकि हुदै वडा कार्यालय सडक सोलिङ्ग	आशिक निर्माण सेवा	८६५५२३।०१	४३२७६। १५
१८० २०८२। ०३।२४	कर्वईहल जाने बाटो सोलिङ फेदाप १	पि एण्ड ए जि निर्माण सेवा प्रा लि	८३६९८३।१९	४१८४९। १६
६ २०८२। ०३।२५	चन्द्रेश्वर मन्दिर निर्माण फेदाप ६	मदन निर्माण सेवा	८५१९७६।९९	४२५९८। ८५
८ २०८२। ०३।२५	भैसेपोखरी शौचालय निर्माण	यावरण निर्माण सेवा	८५६१७७।८८	४२८०८। ८९
		जम्मा	४२७९४४३।४	२१३९७२। २

असुल गर्नुपर्ने	२,१३,९७२

६५ **सामाग्री प्रयोगमा नआएको**

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **२९५,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

६६ **शिक्षक दरवन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ।यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४२ सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ। शिक्षक दरबन्दी वमोजिम पदपूर्ति गर्नुपर्दछ।

क्रसं	विद्यालय	स्वीकृत दरवन्दि		पदपूर्ति	पदपूर्तिमध्ये करार	विद्यार्थी संख्या	शिक्षक विद्यार्थि अनुपात
		दरवन्दि	राहत				
१	सिद्धकाली मा वि	१२	४	१६	४	३९४	२४.६३
२	शंकर मा वि	१८	०	१८	३	२८७	१५.९४
३	जनज्योतिमा वि	१२	५	१७	५	३४१	२०.०६
४	महाकाली मावि	९	६	१५	४	१३६	९.०६७
५	इसिबु मावि	९	६	१५	४	२२२	१४.८
६	सम्दु मावि	१२	४	१६	४	२१४	१३.३८
७	ग्रामसुधारमा वि	९	२	११	२	८८	८
८	बालमकर मावि	६	२	८	१	८०	१०
९	महाकाली आवि	६	१	७	१	७४	१०.५७
१०	अमरसिंह आवि	६	१	७	१	१२४	१७.७१
११	भञ्ज्याङ आवि	३	१	४	१	४१	१०.२५
१२	सिंहवाहिनीआ वि	५	१	६	१	८६	१४.३३
१३	सिंहदेवी आवि	५	२	७	२	७४	१०.५७
१४	सिंहदेवी आवि	६	०	६	०	२४	४
१५	बालनिकुञ्जआ वि	२	१	३	२	८३	२७
१६	जलकन्या आवि	२	१	३	०	१५	५
१७	नेत्रज्योतीआ वि	३	०	३	०	२२	७.३३
१८	भगवती आ वि	२	०	२	१	१६	८
१९	जनकल्याणज्यो आ वि	३	०	३	०	३२	१०.६७
२०	सरस्वती आवि	३	०	३	१	१३	४.३३
२१	जालपादेवीआ वि	३	०	३	०	२०	६.६६
२२	जालपादेवीआ वि	२	०	२	०	१९	९.५
२३	देउराली आवि	२	१	३	१	१८	६
२४	जलेश्वर आवि	२	०	२	०	२१	१०.५
२५	कालिका आवि	२	१	३	१	२४	८
२६	सिंहवाहिनीआ वि	२	१	३	०	१९	६.३३
२७	त्रिभुवन आवि	३	०	३	०	४१	१३.६७
२८	जनता आ वि	३	०	३	०	२८	९.३३
२९	कालिका आवि	३	०	३	०	१८	६

३०	जनप्रिय आवि	३	०	३	०	२७	९
३१	पञ्चकन्याआ वि	२	०	२	१	२३	११.५
३२	ढाँडे आ वि	२	०	२	०	१८	९
३३	जलकन्या आवि	३	०	३	०	२५	८.३३
३४	जलकन्या आवि	२	१	३	१	२४	८
३५	इन्द्रायणीआ वि	३	०	३	०	४१	१३.६७
३६	पाथीभरा आवि	४	०	४	१	५९	१४.७५
३७	जलकन्या आवि	३	०	३	१	४९	१६.३३
३८	सिंहदेवी आवि	३	०	३	०	४७	१५.६७
३९	पञ्चकन्याआ वि	३	०	३	०	४५	१५
४०	जनता आ वि	३	०	३	१	४४	१४.६७
४१	सरस्वती आवि	२	१	३	१	३२	१०.६७
४२	सिंहवाहिनीआ वि	१	०	१	१	८	८
	जम्मा	**१८९**	**४२**	**२३१**	**४६**	**३०१६**	**13**

शिक्षा नियमावली, २०५९(संशोधन सहित) अनुसार विद्यार्थि शिक्षक अनुपात ४० हुनुपर्ने व्यवस्था रहेको छ।यस पालिका अन्तर्गत रहेका विभिन्न विद्यालयको विद्यार्थि शिक्षक अनुपान ४ देखि अधिकतम २७ सम्म र औषतमा १३ रहेको देखिन्छ।यसरी विद्यार्थिको तुलनामा शिक्षकको संख्या उच्च रहेको देखिन्छ।यस सम्बन्धमा सरोकारवालाको ध्यान जान जरुरी देखिन्छ।

६७ **स्थानीय पाठ्यपुस्तक छपाई**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ मा EMIS को विद्यार्थीको तथ्यांक अनुसार स्थानीय भाषा/पाठ्यपुस्तक छपाई गरि वितरण गर्ने सक्ने र सो को लागि १ देखि ३ कक्षासम्म प्रति पेज ०.६०, कक्षा ४ देखि ८ प्रति पेज ०.५५ र गाता प्रतिपुस्तक ४.६० को दरले सशर्त अनुदात प्राप्त गर्ने र यस भन्दा अतिरिक्त पालिकाले खर्च गर्न सक्ने व्यवस्था रहेको छ।पालिकाले स्थानीय भाषाको पाठ्यपुस्तक छपाई अन्तर्गत कक्षा १ देखि ८ सम्मको लागि कोटेशनबाट आपूर्तिकर्ता सनराईज जनरल आर्डर सप्लार्यसबाट २७२० थान छपाई गरि गाउँपालिकाबाट रु ६६११२३। र सशर्त अनुदानबाट रु २५१०९२। गरि रु ९१२२१५। खर्च लेखेको छ।पालिकाले यस वर्ष विभिन्न ४२ विद्यालयमा १ देखि ८ सम्मका विद्यार्थिलाई २२८५ थान वितरण गरि रु १३८३६६। वराबरको ४३५ थान मौज्दात रहेको छ। यसरी मौज्दात रहने गरि पाठ्यपुस्तक छपाई गर्दा अर्को शैक्षिक शत्रमा पाठ्यपुस्तक परिमार्जन समेत गर्नुपर्ने अवस्था हुने भएकोले मौज्दात रहेको पाठ्यपुस्तक खेर गई सार्वजनिक स्रोतको नोक्सानी हुने देखिन्छ।यसर्थ कार्यालयले आवश्यकताको एकिन गरि पाठ्यपुस्तक छपाई गर्नुपर्दछ।

कक्षा	खरिद परिमाण	वितरण भएको	मौज्दात संख्या	दर	रकम
१	५००	३८१	११९	१८३	२१७७७
२	३७५	३७५	०		
३	३४०	२६४	७६	३८६	२५९९२
४	३००	२८१	१९	४५४	८६३१
५	३२०	२९५	२५	४७४	११६८५
६	२३०	२८०	५०	२५७	१२८८२
७	२८०	२४३	३७	३७२	१३७९७
८	३५४	२४५	१०९	४००	४३६०२
	२७२०	**२२८५**	**४३५**	**जम्मा**	**१३८३६६**

६८ **सेनिटरी प्याड व्यवस्थापन**

सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि, २०७६ को दफा ६(४) अनुसार महिनावारी हुने उमेर समुहका छात्राको लागि १० महिनालाई पुग्ने गरि प्रति महिनावारी चक्र ४ गोटाको दरले वितरण गर्नुपर्ने उल्लेख छ।सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्याविधिले सेनिटरी प्याड स्थानीय तहले गुणस्तरीय प्याड खरिद गर्न सकिने र विद्यालयलाइ वितरण गर्न सकिने तथा विद्यालयले उक्त प्याड छात्राहरुलाई वितरण गर्न सकिने व्यवस्था गरेको छ।यस वर्ष पालिकालाई सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानीटरी प्याड व्यवस्थापन अन्तर्गतगो भौ नं ६८/ २०८२।०२।०६ बाट रु.८,५२,६०४। मूल्य बराबरको ६६८४० वटा स्यानिटरी प्याडको लागि सेल्फमेड सोलुसन प्रा लि लाई भुक्तानी गरीएको छ। पालिकाले यस वर्ष ८००० प्याकेट प्रति प्याकेट ८ गोटाको दरले ६६८४० गोटा खरिद गरी गत वर्षको समेत विभिन्न विद्यालयमा मौज्दात रहेका ८३०१ गोटा गरी ७२३०१ गोटा वितरण गरेको छ।यस पालिकाको EMIS विवरण अनुसार ६ कक्षा भन्दा माथि अध्ययन गर्ने छात्राहरुको संख्या १५६२ रहेको छ।जस अनुसार कार्यविधिको मापदण्ड अनुसार जम्मा २४९९२० गोटा सेनिटरी आवश्यक पर्ने देखिन्छ।यसरी प्रति महिनावारी चक्र प्रति छात्रा अधिकतम १६ गोटा आवश्यक पर्ने रहेकोमा पालिकाले ४।६ गोटाको दरले उपलब्ध गराएको छ।यसर्थ पालिकाले तोकिएको मापदण्ड अनुसार सेनिटरी प्याड व्यवस्थापन गर्नुपर्दछ।

६९ **सामुदायिक सिकाई केन्द्र**

६९.१ शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट जारी कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७.१३.११ को दफा ६.७ क अनुसार स्थानीय तहले नियमित रूपमा सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरूको स्थलगत निरीक्षण गरी वार्षिक साधारण सभा भएको, साधारण सभाबाट बजेट र कार्यक्रम पास गरेको, गत आ व को खर्च स्वीकृत गरेको, लेखापरीक्षण गरी प्रतिवेदन पेस गरेको, शैक्षिक सूचना व्यवस्थापन प्रणाली (NFE EMIS) भरेको सामुदायिक सिकाइ केन्द्रहरूलाई एकमुष्ठ रु २ लाख ५० हजार रकम अनुदान उपलब्ध गराउन सक्ने व्यवस्था रहेकोमा सम्वद्ध फाँटवारी परीक्षण गर्दा अनुदान प्राप्त गरेका सामुदायिक सिकाई केन्द्रले तोकिएको मापदण्ड अनुरुप शैक्षिक सूचना व्यवस्थापन प्रणाली (NFE EMIS) भरेको देखिएन।यसर्थ, यसमा सुधार हुनुपर्दछ।

६९.२ शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट जारी कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७.१३.११ को दफा ६.७ ङ अनुसार सामुदायिक सिकाइ केन्द्रहरूले गरेका नियमित कार्यहरूको प्रतिवेदन स्थानीय तहमार्फत शिक्षा तथा मानव स्रोत विकास केन्द्रको अनौपचारिक तथा वैकल्पिक शिक्षा शाखामा पठाउने व्यवस्था मिलाउने रहेकोमा पालिकाले ४ वटा सिकाईकेन्द्रलाई प्रति केन्द्र ३ लाखको दरले रु १२,००,०००। भुक्तानी गरेकोमा सम्बन्धित सिकाई केन्द्रले नियमित कार्यहरुको प्रतिवेदन गाउँपालिका मार्फत शिक्षा तथा मानव स्रोत विकास केन्द्रको अनौपचारिक तथा वैकल्पिक शिक्षा शाखामा पठाएको विवरण पालिकाले लेखापरीक्षणको

क्रममा तयार गर्न लगाई शिक्षा तथा मानव स्रोत विकास केन्द्रको अनौपचारिक तथा वैकल्पिक शिक्षा शाखामा पेश भएको देखियो। कार्यालयले समयमै प्रतिवेदन तयार गरि पेश गर्ने व्यवस्था गर्ने गराउने तर्फ ध्यान दिनुपर्दछ।

क्र सं	विवरण	सामुदायिक सिकाई केन्द्र	भुक्तानी रकम
१	शैक्षिक पहँच सुनिश्चितताका लागि अनौपचारिक तथा वैकल्पिक शिक्षा	चिचिलिङ पोखरी सामुदायिक सिकाई केन्द्र फेदाप ३	३०००००।
२		पोक्लावाङ सामुदायिक सिकाई केन्द्र फेदाप १	३०००००।
३		ह्यात्रुङ झरना सामुदायिक सिकाई केन्द्र ५	३०००००।
४		सुनगाभा सामुदायिक सिकाई केन्द्र	३०००००।
		जम्मा	**१२०००००।**

७० आन्तरिक आयतर्फ

७०.१ आन्तरिक आय सम्वन्धमा देखिएका अन्य व्यहोराहरुः

मनोरञ्जन करः-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमाभिडियो हलसांस्कृतिक प्रदर्शन हल, संगीतथियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०८०।८१ मा पालिकाले यस शीर्षकमा कर संकलन गरेको देखिएन। पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर पहिचान तथा एकिन गरी असुल गर्नुपर्दछ।

व्यवसाय करःस्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ बमोजिम गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर लगाउने उल्लेख छपालिकालेआफ्ना क्षेत्रभित्र व्यवसाय गर्ने करदाताहरुको लगत नराखेको तथा करदाताहरुको पहिचान गरेको छैन । जसको कारण उठ्नुपर्ने रकम प्राप्त भएको छैन । सबै व्यवसायलाई करको दायरामा ल्याइ आन्तरीक आयमा वृद्धि गर्नुपर्ने देखिन्छ।

घर बहाल करःस्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५७ बमोजिम गाउँपालिका तथा नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन घर पसल ग्यारेज गोदाम टहरा कारखाना बहालमा दिएकोमा गाउँपालिकातथानगरपालिकाले त्यस्तो बहाल रकमको १० प्रतिशत कर संकलन गर्ने उल्लेख छ। पालिकाले आफनो क्षेत्रभित्र रहेको करदाताहरुको पहिचान लगत तथा कर संकलन गरेको पाइएन। यस सम्बन्धमा पालिकाले राजस्व संकलन तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

वडागत राजश्व असुली

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाभित्रका ५ वडाहरुको र पालिकाको राजस्व असुली परीक्षण गर्दा जम्मा रु. ४०८७२०४।६४ असुली भएकोमा रु. ४०८७२०४।६४ नै दाखिला भएको पाइएको छ ।

क्र सं	वडा नं	अशुली रु.	दाखिला रु.	दाखिला गर्न बाँकी
१	१	११९७६०।५५	११९७६०।५५	०
२	२	३८८११७।८५	३८८११७।८५	०
३	३	४२२८१५।५६	४२२८१५।५६	०
४	४	१८१८२९।२२	१८१८२९।२२	०
५	५	४०३३४८।९८	४०३३४८।९८	०
पालिकाको		**२५७१३२२।४८**	**२५७१३२२।४८**	**०**
जम्मा		**४०८७२०४।६४**	**४०८७२०४।६४**	**०**

७०.२ आय प्रक्षेपण तथा असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको पहिचान गर्नु पर्ने व्यवस्था छ । पालिकाले पहिचान गरेको र यथार्थ आय बीच सामान्य फरक रहेको देखिन्छ। यस वर्ष पालिकाले कुल राजश्व रु.५९ लाख ५० हजारको आन्तरिक आय अनुमान पेश गरेकोमा कुल रु. ४७ लाख ५२ हजार आम्दानी गरी कुल प्रक्षेपणको तुलनामा ७९।८८ प्रतिशत प्राप्ति गरेको अवस्था छ। पालिकाले आन्तरिक आम्दानीका क्षेत्रहरु पहिचान एव आन्तरिक आय प्रक्षेपणलाई वस्तुनिष्ठ एवं अनुमान योग्य बनाई राजश्व आम्दानी अभिवृद्धि गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

आयशीर्षक	अनुमान	असुली
सम्पत्ति कर	१०००००	१७१००
भुमिकर	८०००००	३३५८५१
वहाल विटौरी कर	२०००००	१८९६१२
अन्य कर	१२५०००	१२४२५
अन्य प्रशासनिक सेवा शुल्क	१०००००	१५०००
सिफारिस दस्तुर	२५००००	८०९६४१
व्यक्तिगत घटना दर्ता दस्तुर	४५००००	१८०७००
नाता प्रमाणित दस्तुर	३०००००	३१७००
अन्य दस्तुर	२२०००००	८७२८२१
व्यवसाय रजिष्ट्रेसन दस्तुर	१०००००	१२६३
अन्य क्षेत्रको आय	१०००००	७३५००
अन्य राजश्व	१००००००	६२७६४१
व्यवसाय कर	२५०००	१०१५०
बेरुजु	२०००००	३६२७००
जम्मा	**५९५००००**	**४७५२७२९।८४**
प्रतिशत	**१००%**	**७९।८८%**

७०.३ ढुङ्गा गिट्टि ठेक्का

यस वर्ष कार्यालयले तीन वटा घाटको शिलबन्दि मार्फत ठेक्का आव्हान गरेकोमा तपशिल बमोजिमको २ वटा ठेक्काको सम्झौता भई रु ८,०१,७२०। राजश्व आम्दानी गरेकोछ।

क्र सं	ठेक्का विवरण	ठेक्का रकम	निर्माण व्यवसायी	सम्झौता रकम
१	खोरुङ्गा फलाम साघु वडा नं २	३०००००।	सि.एस विल्डर्श	३०१०००।
२	तमोर नदि सिमरा घाट वडा नं ३	५०००००।	साक्फारा निर्माण सेवा प्रा लि	५०१७२०।
३	कोयाखोला	२०००००।	ठेक्का नलागेको	
			जम्मा	**८०२७२०।**

७०.४ राजश्व दाखिला

कोशी प्रदेश आर्थिक ऐन, २०८१ को दफा ७(५) अनुसार स्थानीय तहले प्राकृतिक स्रोत सङ्कलन तथा विक्रिबाट प्राप्त आयको ६० प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा गरी बाँकि ४० प्रतिशत प्रदेश संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले प्राप्त गरेको शतप्रतिशत रु ७,१०,३७१।स्थानीय विभाज्य कोषमा दाखिला गरेको पाईयो।यसर्थ, ४० प्रतिशतले हुनेरु २८४१४९। प्रदेश संचित कोषमा दाखिला गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	२,८४,१४९

७०.५ मु.अ.कर तथा अग्रिम आयकर दाखिला

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५ अनुसार नेपाल भित्र आपूर्ति हुने वस्तुको कारोवारमा मूल्य अभिवृद्धि कर लाग्ने व्यवस्था रहेको छ । आय कर ऐन, २०५८ को दफा ८९ मा अग्रिम आयकर १.५ प्रतिशत बुझाउनु पर्ने उल्लेख छ।पालिकालेआयठेक्काबाट प्राप्त आम्दानी रु.७,१०,३७१।को मूल्य अभिवृद्धि कर रु. ९२३४८।२३ तथा अग्रिम आय कर रु. १०,६५६। राजश्व दाखिला गरेको नदेखिएकोले सम्बन्धित राजश्व शिर्षकमा दाखिला गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	१,०३,००४.२३

७१ प्रधानमन्त्री रोजगार कार्यक्रम

७१.१ प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम गाउँपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले सबै वडाहरुबाट बेरोजगारको तथ्याङ्क माग गरी अद्यावधिक गरी बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो निर्माण तथा मर्मत, विद्यालयका पर्खाल निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी गो भौ नं ७३/ २०८२।०२।२० बाट रोजगारी सृजना १०००००० रोजगारी सृजना IDA को बजेट गरी जम्मा रु १६७०००० को वडा नं ४ बाट १३ जना, वडा ५ बाट १२ जना गरी २५ जनाबाट Misc work ५४०९३.१९ sqm , २३००.२० cum Earth work, Stone masonary work २८०.२९ cum अनुसारको काम सम्पन्न भई १०० दिन बराबर प्रतिदिन प्रति व्यक्तिको रु ६६८ का दरले जनही रु ६६१३२ का दरले जम्मा रु १६७०००० खर्च भएको छ ।त्यस्तै, गो भौ नं ७४/ २०८२।०२।२१ मा रोजगारी सृजना १३१०००० रोजगारी सृजना IDA को बजेट गरी जम्मा रु १४२८००० को वडा नं २ बाट १३ जना, वडा ३ बाट १९ जना र वडा १ बाट १२ जना गरी जम्मा ४४ जनालाई १०० दिन बराबर Misc work २७६२२ sqm, २२३७७.०६ cum Earth work, Stone masonary work १३९२ Cum काम गरेबापत दिनको रु ६६८ का दरले जनही रु ६६१३२ का दरले जम्मा रु २७३८८०० खर्च भएको छ । गो भौ नं १०२/ २०८२।०३।१५ मा श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी क्रियाकलाप संचालन गर्न जम्मा रु १००००० खर्च भएको भौचरका साथ संलग्न प्रस्तावमा खर्चको

नर्म्स बमोजिम नभएको तथा चित्र बहादुरलाई भुक्तानी भएको र बीलको भुक्तानी भर्पाई नभएबाट सम्बन्धितलाई भुक्तानी भएको यकिन हुन सकेन ।तसर्थ, खर्चको नर्म्सको पालना हुनुपर्दछ र बैंकमार्फत बीलको भुक्तानी गरी सुधार गर्नुपर्दछ

७१.२ स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस निर्देशिकाको दफा २(१) बमोजिम गाउँपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले सबै वडाहरुबाट बेरोजगारको तथ्याङ्क माग गरी अद्यावधिक गरी बेरोजगारको सूचिमा समावेशलाई प्राथमिकिकरण गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ५ वडामा ६ योजना सञ्चालन गरी स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो निर्माण तथा मर्मत, विद्यालयका पर्खाल निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ६९ जनालाई रोजगारी प्रदान गरेको छ ।यस बापत गो भौ नं ७३/ २०८२।०२।२० बाट जम्मा रु १६७०००० खर्च र गो भौ नं ७४/ २०८२।०२।२१ बाट जम्मा रु २७३८८०० खर्च गरी जम्मा रु ४४०८८०० श्रमिक ज्याला खर्च गरेको छ । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

७२ **सामाजिक सुरक्षा** -

७२.१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। पालिकाले आ.व. 20८१/8२ मा ५ वटा वडामा सामाजिक सुरक्षा भत्ताको पहिलो किस्ता वितरण नविल बैंक मार्फत गरेको र अन्य ३ किस्ता Electronic Fund Transfer को माध्यमद्वारा वितरण गरिएको छ। साथै मृत्यु भएको र लगत कट्टा भए पनि बैंकमा नै रहेको रकम बारे कार्यालय र बैंकबाट विवरण लेखापरीक्षणको क्रममा प्राप्त नभएकोले यकिन गरी फिर्ता गर्नुपर्ने रकम संघिय बेरुजु खाता १५१११ मा फिर्ता गर्नु पर्दछ।

पहिलो किस्ता	दोस्रो किस्ता	तेस्रो किस्ता	चौथो किस्ता	जम्मा	गत आ.व.मा अपुग भई यस आ.व. मा भत्ता जम्मा भएको रकम रु.	मृतकलाभग्राहीहरुबाट फिर्ता रकम रु
२०५४३१४८	२०८९८१७२	२१६७५०२३	२२९९९९४८	८६११६२९१	९२९६७०	१०५१४४

७२.२ **बैंकमा रहेको रकम-** कार्यविधिको दफा २६ (३) मा एक आर्थिक वर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाले बैंकबाट विवरण माग गरेको देखिएन । कार्यविधिमा भएको व्यवस्था बमोजिम सेवाप्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा विवरण प्राप्त गरी नियमानुसार कार्य गर्नुपर्दछ ।

७२.३ **लगतकट्टा-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ११ बमोजिम लाभग्रहीको मृत्यु भएमा, एकल महिलाले विवाह गरेमा, बालबालिका को उमेर ५ वर्ष पुगेमा, बैंकबाट वितरण भएकोमा लगतार एकवर्ष खाता निष्क्रिय भएमा, सामाजिक सुरक्षा भत्ता पाउने व्यक्ति बसाईसरी अन्यत्र गएमा र अयोग्य व्यक्तिको भत्ता प्राप्त गरेको प्रमाणित भएमा, स्थानिय तहको वडा कार्यालयमा ३५ दिनभित्र घटना दर्ता गराएमा वा कुनै लाभग्राही घटना दर्ता नगराएको अवस्थामा स्थानीय तहका वडा अध्यक्ष, वडा सदस्य, वडा सचिव वा कार्यरत कर्मचारीहरुले घटना भएको जानकारी पाएमा सत्य तथ्य बूझि वडा कार्यालयबाट लगत कट्टा गर्नुपर्ने व्यवस्था छ । साथै सामाजिक सुरक्षा ऐनको दफा १९ बमोजिम सम्बन्धित स्थानीय तहको अभिलेखबाट नाम हटाउनुपर्ने लाभग्राहीको नाम कार्यालय

प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा समेत जनाउनुपर्ने उल्लेख छ ।लगत कट्टाको स्पष्ट अभिलेख प्राप्त नभएकोले लगत कट्टा गर्नुपर्ने लाभग्राहीको लगत कट्टा भए नभएको र लगत कट्टा गर्नुपर्ने व्यक्तिलाई समेत भुक्तानी भएको छ/छैन भनि यकिन गर्न सकिएन ।

७२.४ **पारदर्शिता र जवाफदेहिता-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ७ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित नगरसभामा पेश गर्नुपर्ने र स्थानीय तहले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समीक्षा गर्दा सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समीक्षा गर्नुपर्ने उल्लेख छ । साथै स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम, दर्ता, तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंकद्वारा लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघ संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र त्यस्ता विषय सम्बन्धी सूचना स्थानीय एफ.एम. लगायतका सञ्चार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनुपर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राखे व्यवस्था मिलाउनुपर्नेमा सो व्यवस्थाको पालना गरेको पाइएन। कार्यविधिको पालना गरी भत्ता वितरणमा पारदर्शीता कायम गर्नुपर्दछ ।

७२.५ **निरीक्षण तथा अनुगमन** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम नेपाल सरकारको संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालयले नियमित, केन्द्रीय पञ्जीकरण विभागले बिशेष सूचक बनाइ तथा जिल्ला समन्वय समितिको कार्यालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएतापनि यस वर्ष सम्बन्धित निकायले कार्यविधि अनुसार अनुगमन तथा निरीक्षण गरेको पाइएन ।सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ९ मा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमनको व्यवस्था तोकेको छ । कसैले दोहोरो हुनेगरी र सरकारी सुविधा लिने ब्याक्तीले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरेको देखिएन । सामाजिक सुरक्षा भत्ताको दुरुपयोग हुन नदिन पालिका स्तरीय अनुगमन संयन्त्रलाई प्रभावकारी बनाउँदै तोकिए बमोजिम भत्ता वितरण र लगत अद्यावधिक गर्ने कार्यमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

७२.६ **सार्वजनिक सुनुवाई** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३४ बमोजिम वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने उल्लेख भएतापनि सार्वजनिक सुनुवाई गरी जनगुनासो सम्बोधन गरेको छैन । कार्यविधिले तोकेको समयमा सार्वजनिक सुनुवाई गर्नु पर्दछ।

संपरीक्षणबाट थप भएको बेरूजू

क्र.सं.	बेरुजुको विवरण	रकम
१	आर्थिक कार्यविधि-तथा-वित्तीय उत्तरदायित्व-नियमावली-२०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्नेछ पालिकाले सप्लायर्शलाइ भुक्तानी गर्दा प्रतिलिपी विल पेश भएकोले सक्कल विल पेश गर्नुपर्ने रु <table><tr><th>सि. न.</th><th>भौ न।मिति</th><th>भुक्तानी पाउने</th><th>भुक्तानी रकम</th></tr><tr><td>1.</td><td>३४८।०८२।०३।२४</td><td>पुर्वी हटलाइन</td><td>२१६११</td></tr><tr><td>2.</td><td>७४।०८१।१०।०६</td><td>अंश टेक</td><td>१५०००</td></tr><tr><td></td><td>जम्मा</td><td></td><td>36611</td></tr></table>	३६,६११
२	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा वास्तविक भएको कामको प्राविधिक मूल्याङ्कनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ। पालिकाले देहायका भौचरवाट उपभोक्ता समितिलाई सामाग्री खरिद वापत रु ५,२७,१२३। भुक्तानी गरेकोमा खरिदभएको सामाग्री जडान भएको प्राविधिक कार्यसम्पन्न तयार गरेको छैन । सामान खरिद गरेर जडान नगर्दा कामको प्रभावकारीता नहुने तथा खरिद गरिएको सामाग्री प्रयोग भए नभएको एकिन नहुने हुँदा उक्त सामाग्री जडान भएको प्राविधिक पुष्ट्याई सहितको प्रमाण पेश गर्नुपर्ने बेरुजु मध्ये चापाबोटे पधेर ग्रामिण खानेपानी तथा सरसफाई रु. 247787/ - कार्य सम्पन्न प्रतिवेदन पेश गरेको तथा वाँकी माझगाउँ खानेपानी पाईप खरिदका लागि खरिद भएका ३२ मिमि १८०० मि/ २५ मिमि १८० मि. का रु. २७९३३६। मूल्यका HDPE जडान भएको प्रमाण पेश हुनुपर्ने रु.	२,७९,३३६

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : फेदाप गाउँपालिका, तेह्रथुम , फेदाप गाउँपालिका , तेह्रथुम

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
लेखा प्रमुख	प्रदिप चम्लागाँई	२०७८-९-२९	२०८१-०८-१८
लेखा प्रमुख	मनोज देउजा	२०८१-०९-२८	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१,०७७,६९२	१८१,८९०	३०,९३०,३५८.२३	०	०	५,०१३,९४४
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					३७,२०३,८८४.२३
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्योट गरी संपरीक्षण भएको रकम रु.					६,६७६,०५५
संपरीक्षणबाट थप भएको बेरुजू रु.					३१५,९४७
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					३०,८४३,७७६.२३

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२९५९०६१८.३	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	४२१७८१८७१	चालु खर्च	४५८४३०४८२.६३
प्रदेश सरकारबाट अनुदान	२६३८५५३६	पूँजीगत खर्च	९७१२९६८३
राजश्व बाँडफाँट	७५६४९७१४.३३	वित्तीय/अन्य व्यवस्था	०.०
आन्तरिक आय	४०८७२०४.६४		
अन्य आय	२२२३९२८५.६४		
कुल आय	५५०१४३६११.६१	कुल खर्च	५५५५६०१६५.६३
बाँकी मौज्दात		२४१७४०६४.२८	

अनुसूची - २

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- कृषि पशुसेवा अनुदान तथा आर्थिक सहायता लगाएतका खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ।
- वार्षिक नीति तथा कार्यक्रममा उल्लेखित विषयहरुलाई प्राथमिकतामा राखेर बजेटमा समावेश गरी कार्यान्वयन गरिनुपर्दछ र कार्यान्वयन गर्न सकिने योजना तथा कार्यक्रमहरुमा मात्र बजेट विनियोजन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।
- पालिकाले योजनाको प्राथमिकिकरण गर्दा प्रतिफलमुखि र रोजगारी सृजना गर्ने खालका ठूला योजनाहरु पनि कार्यान्वयन गर्नुपर्दछ।
- पालिकाले वार्षिक योजनासंग आवधिक योजनाको तादाम्यता हुनेगरी बजेट तथा कार्यक्रम तय गर्नुपर्दछ।
- राजश्व सुधार योजना कार्यन्वयनमा ल्याई राजश्व वृद्धितर्फ पालिकाले ध्यान दिनुपर्दछ ।
- प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।
- ऐन तथा नियमावलीमा भएको व्यवस्थाको परीपालना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।
- सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।
- पालिकाले संभाव्यता अध्ययन तथा डिपिआर प्रतिवेदन खरिद गर्दा ती आयोजना एव कार्यक्रमको लागि वजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने विषयमा समेत कार्यक्रमले ध्यान पुऱ्याएको छैन। प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्याउनु पर्दछ ।
- पालिकाको यन्त्रहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्ने र यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ ।
- पालिकाको सम्पतिको उचित संरक्षण तथा व्यवस्थापन गर्नुपर्दछ ।
- पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।
- संचालन निर्देशिका, मापदण्ड, नियमावली, नर्म्स बमोजिम कार्यक्रम संचालन गर्नुपर्दछ।